मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक २०० | २०८० साल जेठ १८ गते बिहिबार | Thursday 01, June 2023 | सूर्योदय: बिहान ५:११ बजे | सूर्यास्त: साँझ ६:५५ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# दुई देशबीचको सम्बन्ध थप उचाइमा पुग्नेछ : प्रधानमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफ्नो भारत भ्रमणले दुई देशबीचको सम्बन्ध थप उचाइमा पुग्ने विश्वास लिएका छन्।
बुधबार प्रधानमन्त्री प्रचण्डले दुई देशबीचको सुमधुर सम्बन्धलाई नयाँ उचाइ दिई जनस्तरसम्म पुर्‍याउन भ्रमणको मूल उद्देश्य रहेको बताए।
उनले नेपाल र भारतबीच भौगोलिक र सांस्कृतिक सामीप्यले सदियौँ देखि जनस्तरमा रहेको हाम्रो सम्बन्ध सधैँ मित्रवत् र घनिष्ठ रहँदै आएको बताए।
उनले विदेशमा बसोबास गर्ने नेपालीलाई मताधिकार पाउने बताए। उनले विदेशमा रहेकाहरुलाई मताधिकारको प्रत्याभूत गर्ने बताए।
उनले भारतमा रहेका नेपाली समुदायलाई स्वदेश फर्केर नेपालको विकासका लागि योगदान दिन आग्रह गरे। उनले आफूहरु देशको अर्थतन्त्र पुनरुत्थानका काम गरिरहेको बताए। मुलुकको आर्थिक सामाजिक रुपान्तरण, भ्रष्टाचार नियन्त्रण गर्ने र सुशासन कायम गर्ने पनि कामकारवाही भइरहेको बताए।
उनले भारतीय प्रधानमन्त्रीसँग आफ्नो वार्ता हुने कार्यक्रम तय भएको र सो क्रममा केही सम्झौताहरूमा हस्ताक्षर हुनेसमेत बताए। उनले राष्ट्रपति र उपराष्ट्रपतिसँग शिष्टाचार भेटघाटको कार्यक्रम समेत रहेको बताए। त्यस्तै, केही प्रतिष्ठित व्यापारी, लगानीसँग अन्तरक्रिया, केही महत्वपूर्ण परियोजना अनुगमन गर्ने कार्यक्रम रहेको बताए।
प्रधानमन्त्री दाहालको यो चौथो भारत भ्रमण हो।

## भारतीय विदेश राज्यमन्त्रीद्वारा स्वागत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतको राजधानी नयाँ दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा भारतको विदेश राज्यमन्त्री मीनाक्षी लेखीले स्वागत गरेकी छन्।



विदेशमन्त्री एस जयशंकर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणको तयारीका लागि अमेरिकामा रहेका कारण विदेश राज्यमन्त्री लेखी प्रधानमन्त्री प्रचण्डलाई स्वागत गर्न विमानस्थल पुगिन्।
बुधवार दिउँसो १ बजे नेपाल एयरलाइन्सको नियमित उडानबाट प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारी प्रतिनिधि मण्डल भारत प्रस्थान गरेको थियो।
भारतीय समकक्षी मोदीको औपचारिक निमन्त्रणामा प्रधानमन्त्री प्रचण्ड चार दिवसीय भ्रमणमा गएका हुन्।

## विराटनगरको रेल प्रचण्ड र मोदीले उद्घाटन गर्ने

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र भारतीय समकक्षी नरेन्द्र मोदीले भारतको बथनाहादेखि विराटनगरको बुधनगरसम्मको रेल्वे सेवाको संयूक्तरुपमा उद्घाटन गर्दैछन्।
रेल विभागका प्रवक्ता इन्जिनियर अमन चित्रकारले जनाएअनुसार बिहीबार दिल्लीबाट दुई देशका प्रधानमन्त्रीले झण्डा देखाएर रल्वे र कार्गो रेल उद्घाटन गर्ने कार्यक्रम रहेको जनाइएको छ।
प्रधानमन्त्री प्रचण्ड र समकक्षी मोदीले झण्डा देखाएपछि बथनाहाबाट भारतीय पक्षले कार्गो रेललाई बिदाइ गर्ने र बुधनगरमा नेपाली पक्षले स्वागत गर्ने छन्।
विराटनगरको एकीकृत भन्सार जाँच चौकी (आईसीपी) सम्म आइपुग्ने मालवाहक रेलले आरती स्ट्रिप्स, स्वस्तिक रोलिङ, हुलास वायर र प्रिमियर स्टिल उद्योगको कच्चा सामग्री ल्याउने जनाइएको छ।
पूर्वका व्यवसायीले सीमावर्ती बथनाहादेखि विराटनगरको आईसीपीसम्म आइपुगेको रेलमार्गलाई कार्गो ढुवानीका लागि खुला गर्न माग गर्दै आएका थिए।
भारतको बथनाहाबाट विराटनगरको आईसीपी रेल्वे स्टेसनसम्म बिछ्याइएको ८ किलोमिटर रेलमार्गमा ०७५ कात्तिक ८ गते रेल सञ्चालनका लागि परीक्षण भएको थियो। यसको उद्घाटनपछि बुधबार पनि परीक्षण गरिएको थियो।
बथनाहादेखि बुधनगरसम्म (भारततर्फ ५ र नेपालतर्फ ३ किलोमिटर) रेलमार्ग निर्माण काम चार वर्षअघि नै पूरा भएको थियो।
भारततर्फ पाँच र नेपालतर्फ १३ गरी रेलवेको लम्बाई १८.१ किलोमिटर रहेको छ।
परियोजना निर्माणको ठेक्का ३ अर्ब ७३ करोड भारतीय रुपैयाँमा इरकोन भारतीय कम्पनीले लिएको थियो।

## प्रधानमन्त्री र मोदीका राष्ट्रिय सुरक्षा सल्लाहकारबीच भेटवार्ता

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँग भेटवार्ता गरेका छन्।
बुधबार दिल्लीस्थित होटल आईटीसी मौर्यामा प्रचण्ड र डोभलबीच भेटवार्ता भएको छ।
भेटवार्तामा भारतीय विदेश सचिव विनयमोहन क्वात्रासमेत सहभागी थिए।

## नेपाल–भारत कृषि सहकार्य सम्झौता नवीकरण

नेपाल-भारत बीच कृषि क्षेत्रमा हुँदै आएको सहकार्य सम्झौता पुनः नवीकरण हुने भएको छ। प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणको क्रममा दुई देशबीच यस्तो सम्झौता हुने भएको हो।
नेपाल र भारतबीच कृषि विकास सहकार्यको यस्तो सम्झौता कृषि उपज, बिउ बिजन, प्रविधि र कृषि जोखिम न्यूनीकरण उपायहरु आदान प्रदानमा केन्द्रित रहेको छ। उन्नत बिउ, घाँस र नश्ल सुधार विकास, कृषि उपजको विषादी परीक्षण र विषादी व्यवस्थापन सम्झौताको मुख्य प्राथमिकतामा रहेको छ।
नेपाल-भारतबीच ३० वर्ष अघि भएको सम्झौता सन् २०२१ मा कोभिड-१९ महामारीपछि स्थगित भएको थियो।
सन् १९९१ मा भएको कृषि सहकार्य सम्झौता पुनः नवीकरणका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको टोली प्रधानमन्त्रीको भ्रमण दलमा नयाँ दिल्ली पुगेको छ। कृषि तथा पशुपन्छीका सचिव डा. गोविन्द शर्माले नेपालको तर्फबाट सम्झौतामा हस्ताक्षर गर्नेछन्।

## क्रस बोर्डर विद्युतीय भुक्तानी सुरू गर्न सम्झौता

नेपाल-भारतबीच क्यूआर कोडमार्फत वित्तीय कारोबार गर्न दुई पक्षीय सम्झौता हुने भएको छ। अहिलेसम्म कार्डको माध्यमबाट वस्तु तथा सेवा खरिदमा क्रस बोर्डर भुक्तानी गर्न सकिएपनि क्यूआर कोडमार्फत वित्तीय कारोबार गर्ने व्यवस्था छैन।



यसका लागि नेपाल र भारतमा भुक्तानी प्रणाली सञ्चालन गरिरहेको दुई कम्पनीहरुको 'सिस्टम कनेक्ट' गर्ने सम्झौता हुने भएको छ। नेपाल राष्ट्र बैंकको समेत लगानीमा स्थापना भएर विद्युतीय भुक्तानी प्रणाली विकास गरेको नेपाल क्लियरिङ हाउस र रिजर्भ बैंक अफ इन्डिया (आरबीआई) को समेत लगानीमा भारतमा विद्युतीय भुक्तानी प्रणालीको सिस्टम विकास गरेको नेसनल पेमेन्ट कर्पोरेसन अफ इन्डियाको प्रणाली इन्ट्रिग्रेसन मार्फत नेपाल भारत क्रस बोर्डर विद्युतीय भुक्तानीको सम्झौता हुने जनाइएको छ।

# विधेयक प्रमाणीकरणपछि प्रदेशसभा बैठकमा खुशी व्यक्त



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशसभाको बुधबार बसेको बैठकमा प्रदेशसभाका सदस्यले नागरिकताविहीनका लागि अति आवश्यक रहेको नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रपतिले प्रमाणित गरिएकामा खुशियाली व्यक्त गरेका छन्।
प्रदेशसभा बैठकको विशेष समयमा बोल्दै अधिकांश पार्टीका प्रदेशसभाका सदस्यले वर्तमान राष्ट्रपतिले विधेयक प्रमाणीकरण गरेपछि अब नागरिकता पाउनबाट वञ्चित रहेका जन्मसिद्ध नेपाली नागरिकका सन्तानले नागरिकता पाउने भएकामा खुशी व्यक्त गरे।
नेपाली कांग्रेसका प्रदेशसभाका सदस्य रामसरोज यादवले जन्मसिद्ध नागरिकका सन्तानले नागरिकता पाउनबाट वञ्चित भएकाले अब नागरिकता पाउने भएकामा खुशी व्यक्त गरेका छन्।
उनले योग्य तथा सक्षम नागरिक भए पनि नागरिकता पाउन नसकेर बैङ्कमा खाता खोल्न तथा रोजगारी पाउनबाट वञ्चित हुनुपरेको समस्याको अन्त्य हुने भन्दै खुशी व्यक्त गर्दै राष्ट्रपति तथा सरकारप्रति धन्यवाद दिए।
जनता समाजवादी पार्टीका प्रदेशसभाका सदस्य रामअशिष यादवले राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता ऐनमा संशोधन गर्न बनेको विधेयक पारित गरेर नागरिकता पाउनबाट वञ्चित नेपाली नागरिकलाई ठूलो न्याय मिलेकाले प्रदेश सभाबाट धन्यवाद् प्रस्ताव पारित गर्न आग्रह गरे। त्यसैगरी, नेकपा एकीकृत समाजवादीका प्रदेशसभाका सदस्य प्रमोद कुमार यादवले नागरिकता विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएकामा राष्ट्रपति तथा नेपाल सरकारप्रति धन्यवाद ज्ञापन गरे। बैठकको विशेष समयमा बोल्दै लोसपा नेपालका प्रदेशसभाका सदस्य रानी शर्मा तिवारीले नागरिकता विधेयक प्रतिनिधि सभाबाट दुईपटक पारित भएर राष्ट्रपतिकहाँ पुगेकामा राष्ट्रपतिले प्रमाणीकरण गरेर नागरिकता पाउनबाट वञ्चित भएकालाई न्याय दिएकामा धन्यवाद व्यक्त गरिन्। त्यसैगरी, प्रदेशसभा सदस्य जीवछी कुमारी यादवले नेपालका अनागरिक नागरिक हुन पाएकामा सम्पूर्णमा खुसीयाली आएको बताउँदै नेपाल सरकारलाई धन्यवाद ज्ञापन गरिन्।

## गुनासै गुनासाको शून्य समय

बुधबार बसेको प्रदेशसभा बैठकको शून्य समयमा अधिकांश महिला सांसदले बोल्न भ्याएका छन्। शून्य समयमा सबै महिला सांसदले गुनासैगुनासाले आफ्नो निर्धारित एक मिनेट बिताएको देखिएको थियो। शून्य समयमा बोल्दै सांसद अनिता कुमारी साहले महोत्तरीको ओभरट्र्यांक सञ्चालनमा नरहनाले महोत्तरीबासी समस्यामा पर्दै आएकाले यथाशिघ्र ओभरट्र्यांक सञ्चालनमा ल्याउन पहल गर्न माग गरिन्।
त्यसैगरी, प्रचण्ड गर्मीको समयमा विद्यालयहरुमा पंखा र खानेपानीको व्यवस्था गर्न समेत माग गरिन्। सांसद इन्दुकुमारी साहले बागमती नदीको क्षतिग्रस्त बाँध मर्मतका लागि आवाज उठाइन् भने उर्मिलादेवी सिंहले रेशम चौधरीको रिहाई र नागरिकता प्रमाणीकरणका लागि राष्ट्रपतिलाई धन्यवाद टक्र्याउन भ्याइन्।
त्यसैगरी, सांसद कञ्चन विच्छाले प्रदेशको शिक्षा नीति स्पष्ट नरहेको भन्दै गुनासो गरिन्। उनले गुणस्तर शिक्षा सबैको लागि बराबरी हुनुपर्ने भन्दै निःशुल्क शिक्षा नीति ल्याउनुपर्ने बताइन्। उनले भनिन्, 'प्रदेश सरकारलाई शिक्षा सुधार कार्यक्रम ल्याउनुपर्छ, त्यस्तो भएन भने प्रदेशका युवालाई वैदेशिक रोजगारीमा जानुको अर्को विकल्प रहन्न, तसर्थ समान शिक्षा ल्याउन आग्रह गर्दछु।'
शून्य समयमा बोल्दै सांसद किरण कुमारीले गर्मीमा सर्पको टोकाइबाट प्रदेश आक्रान्त रहेको अवस्थामा पनि प्रदेशका स्वास्थ्य मन्त्रालय मौन रहनु दुःखद रहेको बताइन्।
उनले यसका लागि प्रत्येक जिल्लामा समुचित व्यवस्था गर्नुपर्ने माग गरेकी थिइन्। त्यस्तै, सांसद जैनुल खातुनले दलित र मुस्लिम प्रदेशमा धेरै गरिब रहेकाले आआफ्नो छोरीको विवाह गर्न नसकेका दुखेसो सुनाउँदै उनीहरुको आशा भरोसा महिला सांसदसँग बढी भएकाले महिला सांसदलाई बढी बजेट दिनुपर्ने माग गरेकी थिइन्।
प्रदेशसभाको बैठक बिहीबार दिउँसो १:०० बजे बस्नेछ।

# वीरगंजका विद्यालय एकसाता बन्द हुने

- एकसातालाई विद्यालय बन्द गरिने महानगरको निर्णय
- तापक्रम ४२ डिग्री नाघेपछि सर्वसाधारण समस्यामा
- खानेपानीको स्रोत सुक्दा ग्रामीण बस्तीमा पानी अभाव
- पर्साको पटेर्वासुगौलीमा गर्मीले कक्षाकोठामै छात्रा बेहोस।

**मधेशदृष्टि**
**वीरगंज।**
प्रचण्ड गर्मीको कारण बालबालिकाको पठनपाठन प्रभावित भएपछि वीरगंज महानगरपालिकाले बुधबार सूचना जारी गर्दै जेठ १९ गतेदेखि २६ गतेसम्म एक साता वीरगंजका सम्पूर्ण विद्यालय बन्द गर्ने घोषणा गरेको छ। वीरगंज महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखाका अधिकृत हरि राउतले अत्यधिक गर्मी बढेपछि विद्यालय बन्द गर्ने निर्णय गरिएको जानकारी दिए।
विगत केही दिनदेखि बढेको प्रचण्ड गर्मीको कारण बारा, पर्सासहित मध्यतराईको जनजीवन नराम्रोसँग प्रभावित भएको छ। वीरगंजमा बुधबार ४२ डिग्री सेल्सियस तापक्रम पुगेको छ। गर्मी बढ्दै गएपछि दिउँसो हिँडडुल गर्ने सर्वसाधारण, काम गर्ने मजदुर तथा कृषि कर्म गर्ने किसान बढी प्रभावित भएका छन्। प्रचण्ड गर्मीसँगै खानेपानीका धारा सुकेपछि वीरगंजसहित बारा, पर्साका ग्रामीण क्षेत्रमा खानेपानीको समस्या भएको छ।
अत्यधिक गर्मीका कारण पर्साका ग्रामीण क्षेत्रका विद्यालयमा पङ्खाको सुविधासमेत नहुँदा विद्यार्थीको स्वास्थ्यमा असर पर्न थालेको छ। पछिल्लो समय बढेको गर्मीमा कक्षा कोठामा पङ्खा नहुँदा विद्यार्थी बेहोस हुन थालेका छन्। पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ४ भतौडास्थित वनदेवी आधारभूत विद्यालयमा बुधबार एक छात्रा प्रचण्ड गर्मीकै कारण कक्षाकोठामै बेहोस भएकी छन्।



कक्षा ४ मा अध्ययनरत साहबुन नेशा अत्यधिक गर्मीका कारण बिहान ९ बजे कक्षाकोठामै बेहोस भएको विद्यालयका प्रधानाध्यापक सुभाष प्रसाद दासले बताए। उनको वीरगंजस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ।
त्यसैगरी, मारवाडी सेवा ट्रस्ट वीरगंजले चर्को गर्मीमा निःशुल्क सर्वत, आँप एवम् फ्रुटी जुस वितरण गरेको छ। वीरगंजको राणिसती मन्दिर मेनरोडमा आयोजित निःशुल्क सेवाबाट आउने जाने पर्यटक, बटुवा, रिक्सा, गाडी एवम् मोटरसाइकल चालक तथा यात्रुलगायत विभिन्न विद्यालय कलेजका विद्यार्थीसहित दुई हजारलाई सेवा प्रदान गरिएको ट्रस्टका महासचिव नरेन्द्र शाहले बताए। मारवाडी सेवा ट्रस्टका अध्यक्ष बाबुलाल चाचान, उपाध्यक्ष मुर्ली रुङ्टा, विश्वनाथ गोयन्का, वीरेन्द्र सांघाइ, महासचिव नरेन्द्र शाहलगायतको सहभागिता थियो।
यसैगरी, बढदो गर्मीलाई मध्यनजर गरी वीरगंजका विभिन्न स्थानमा चिसो पानी तथा सातु निःशुल्क वितरण गरिएको छ। ग्रिनसिटी सामुदायिक केन्द्र आदर्शनगरले गर्मीबाट प्रभावित १ हजार ३ सय भन्दा बढीलाई निःशुल्क सातु खुवाएको केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले बताए।

## ‘नागरिकता विधेयक प्रमाणीकरण भएसँगै गैरआवासीय खुसी’

**रासस**
**काठमाडौँ।**
गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले राष्ट्रपति रामचन्द्र पौडेलबाट ‘नेपाल नागरिकता ऐन, २०६३’ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण भएसँगै गैरआवासीय नेपाली हर्षित भएको जनाएको छ।

सङ्घका कार्यकारी अध्यक्ष डा बद्री केसीले गैरआवासीय नेपालीलाई नेपालको संविधान २०७२ ले प्रदत्त गरेको आर्थिक सामाजिक र सांस्कृतिक अधिकारसहितको ‘गैरआवासीय नेपाली नागरिकता’ प्राप्त गर्ने मार्ग प्रशस्त भएको बताए।

नागरिकता विधेयकले विश्वभर छरिएर रहेका लाखौँ गैरआवासीय नेपालीले सन् २००३ देखि उठाउँदै आएको ‘गैरआवासीय नेपाली नागरिकता’ को माग सम्बोधन गरेको उनको भनाइ छ। ‘राष्ट्रपति पौडेलको यस कदमले ‘एक पटकको नेपाली सधैँको नेपाली’ भन्ने मूलमन्त्रलाई छिट्टै सार्थक बनाउनेमा पनि हामी विश्वस्त छौँ’, कार्यकारी अध्यक्ष डा केसी भने, ‘विश्वभरि रहेका नेपालीलाई मातृभूमिसँग जोड्न र विदेशमा आर्जन गरेको ज्ञान, सीप र पुँजीलाई नेपाल भित्र्याउन थप दायित्व बोध गरेका छौँ।’

विधेयक प्रमाणीकरण भएसँगै गैरआवासीय नेपालीको नेपालमा भएको सम्पत्तिको सुरक्षा तथा लगानीको लागिसमेत ठोस वातावरण तयार पार्ने उनको विश्वास छ। सङ्घले नागरिकता विधेयकालाई निष्कर्षमा पुऱ्याउन भूमिका निर्वाह गरेकोमा प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, सम्पूर्ण राजनीतिक दललगायत कानुनविद्प्रति कृतज्ञता व्यक्त गरेको छ। राष्ट्रपति पौडेलले बुधबार नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरेका थिए।

# राष्ट्रसंघको साधारणसभामा नेपालको उपस्थितिबारे छलफल

**रासस**
**काठमाडौँ।**
संयुक्त राष्ट्रसङ्घको नेपालस्थित आवासीय संयोजक हान्ना सिंगर हेम्डी र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठबीच भेटवार्ता भएको छ।

आवासीय संयोजक हान्ना र उपाध्यक्ष डा श्रेष्ठबीच बुधबार भएको भेटमा आगामी सेप्टेम्बरमा अमेरिकाको न्यूयोर्कमा हुने संयुक्त राष्ट्रसङ्घको साधारणसभामा नेपालको उपस्थितिबारे छलफल भएको छ। डा श्रेष्ठले छोटो समयमा लक्ष्य हासिल गर्नका लागि आवश्यकीय वित्तीय सहयोग, प्राविधिक सहयोग र पारस्परिक सहयोगका लागि छलफल भएको जानकारी दिए। उनले भने, ‘दिगो विकासका लक्ष्य हासिलको प्रगति समीक्षापछि बाँकी रहेको अवधिमा दिगो विकासका लक्ष्यलाई कसरी अघि बढाउने र कसरी सकेसम्म धेरै लक्ष्य हासिल गर्ने भन्ने विषयमा छलफल भयो।’ आवासीय संयोजक हान्नाले नेपालको हित र विकासका लागि संयुक्त राष्ट्रसङ्घले सधैँ सहयोग गर्ने बताए। उनले भने, ‘संयुक्त राष्ट्रसङ्घ सधैँ नेपालको हित चाहन्छ।’ उनले दिगो विकास सम्मेलन तथा अति कम विकसित मुलुकको हैसियतबाट स्तरोन्नतिको रणनीति तयारी गरिरहेको नेपालले विभिन्न चुनौतीका बाबजुद प्रशंसायोग्य काम गरेको भन्दै प्रशंसासमेत गरे।

नेपाल अति कम विकसित मुलुकबाट विकासशील मलुकमा स्तरोन्नति हुने क्रममा रहेको अवस्थामा आवश्यक सबै सहयोग र विकास साझेदारबीच समन्वय गर्न इच्छुक रहेको उनको भनाइ छ।

‘यसका लागि आवश्यक सहयोग जुटाउन संयुक्त राष्ट्रसङ्घका नेपालस्थित आवासीय संयोजकको कार्यालयले नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय निकायसँग समन्वय र सहयोग गर्न तयार छ’, उनले भने। उपाध्यक्ष डा श्रेष्ठले भेटवार्तामा नेपालको विकासमा संयुक्त राष्ट्रसङ्घले हालसम्म पुऱ्याउँदै आएको सहयोगका लागि धन्यवाद दिँदै नेपालले तयार गरिरहेको ‘स्मुथ ग्र्याजुएसन स्ट्रेटिजी’ लाई अन्तिम रूप दिई सोको प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना तर्जुमाको प्रक्रिया सुरु गरिसकिएको जानकारी दिएका थिए।

बैठकमा आयोगका सदस्य डा रामकुमार फुँयालले नेपालमा दिगो रोजगारीको अवसरको सिर्जना र सामाजिक सुरक्षा कार्यक्रमको दिगोपनाको सुनिश्चितता गर्नु आवश्यक रहेको सन्दर्भमा संयुक्त राष्ट्रसङ्घका तर्फबाट यस सम्बन्धमा सहयोगको अपेक्षा रहेको बताए। आयोगका सचिव केवलप्रसाद भण्डारीले नेपालले खाद्य प्रणालीमा कठिनाइ भोगिरहेको सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय खाद्य सम्मेलनले नेपाल जस्ता मुलुकको समस्यालाई मूल्याङ्कन गरी आवश्यक सहयोग गर्नुपर्ने धारणा राखे।

## साहित्यमा संवेदनशीलता प्रकट हुनुपर्ने

**मधेशदृष्टि**
**वीरगंज।**
सूचना भन्दा पनि संवेदनशीलतालाई साहित्यमार्फत व्यक्त गर्नुपर्ने कुरामा वरिष्ठ साहित्यकार एवम् पत्रकार डा. नवराज लम्सालले जोड दिए।

वीरगंजमा बुधबार सम्पन्न साहित्य अनुरागीसँगको अन्तर्क्रियामा उनले साहित्यमार्फत सूचना दिने प्रवृत्तिप्रति असन्तुष्टि जनाउँदै अनुभव एवम् संवेदनशीलतालाई समावेश गर्नुपर्ने धारणा व्यक्त गरेका हुन्। आर्थिक एवम् औद्योगिक नगरीको रुपमा परिचित वीरगंज साहित्य र संस्कृतिको क्षेत्रमा अब्बल हुँदाहुँदै पनि ओझेलमा परेको बताउँदै लम्सालले नयाँपुस्ताले वीरगंजको साहित्यको पुरानो विरासतलाई फर्काउनुपर्ने कुरामा जोड दिए।

साहित्यिक चौतारी नेपालकी अध्यक्ष गीता भण्डारी, लक्ष्मी साहित्य समाजका अध्यक्ष महेशचन्द्र गौतम, चौतारी नेपालका मधेश प्रदेश सचिव सूर्य नारायण विक, कवयित्री सुशीला भण्डारी, पत्रकार तुलसी भण्डारीलगायतले रचनासमेत वाचन गरेका थिए।

कार्यक्रममा रेडियो नेपाल एवम् रेडियो वीरगंजका ध्रुव अधिकारी, नारायणी वाङ्मय प्रतिष्ठानकी कोषाध्यक्षा कविता खड्कालगायतको उपस्थिति थियो।

## बागमती सुधारका लागि बीस वर्षे गुरुयोजना बनाइँदै

रासस
काठमाडौँ।
बागमती नदी र त्यसका सहायक नदीमा करिडोर निर्माण तथा नदी सफा बनाउने उद्देश्यले बीस बर्षीय गुरुयोजना बनाइने भएको छ।

सन् २०४३ सम्म बागमतीलाई सफा बनाएर त्यसको दुवैतर्फ करिडोर सडक निर्माणको योजना बनाइएको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले जनाएको छ। गुरुयोजनाका लागि खाका (ड्राफ्ट) बनेको र त्यसलाई अन्तिम रुप दिनका लागि विभिन्न सारेकारवाला निकायसँग छलफल भइरहेको समितिका इन्जिनियर कमल अर्यालले बताए। यस वर्ष अन्तिम रुप दिइने गरी तयारी अघि बढाइएको उनको भनाइ छ। उनले भने, ‘अबको २० वर्षमा बागमतीमा बाँकी रहेका सबै काम सम्पन्न हुने अपेक्षा गरिएको छ।’ गुरुयोजना अनुसार बागमतीको पानी सफा गर्ने, दुवैतर्फ ढल, करिडोर निर्माण गर्ने, यसका सहायक र उपसहायक नदी सफा गरिनेलगायत विषय समेटिएका समितिले जनाएको छ। ठोस फोहरमात्र नभइ तरल फोहर पनि व्यवस्थापन गर्न जरुरी रहेकाले तरल फोहर व्यवस्थापनका क्षेत्रमा पनि काम गरिने समितिका इन्जिनियर अर्यालले बताए। उनका अनुसार तरल फोहर व्यवस्थापनका लागि ढल निर्माण गर्नुपर्ने भएकाले नदी किनारामा ढलको लाइन बिच्छाइने छ। ‘ढलको लाइनलाई प्रशोधन केन्द्रमा लगेर प्रशोधन गरेपछि सफा भएको पानी मात्रै खसाल्ने योजना छ’, अर्यालले भने।

# मुलुकको गुणात्मक ढंगले परिवर्तन आवश्यक : ओली




**रासस**
**काठमाडौँ।**
नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मुलुकको गुणात्मक ढङ्गले परिवर्तन आवश्यक रहेको बताएका छन्। ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा बुधबार राष्ट्रिय जनसांस्कृतिक महासङ्घले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा उनले मुलुकको अहिले संख्यात्मक रूपमा मात्र परिवर्तन भएकोले गुणात्मक परिवर्तन आवश्यक रहेको बताए।

उनले गुणात्मक परिवर्तनका लागि अभियान सञ्चालन गर्नुपर्ने भनाइ राखे। ‘यथार्थमा अहिलेसम्म नेपालको परिवर्तन केही मात्रामा गुणात्मक नभए पनि संख्यात्मक परिवर्तन मात्रात्मक रूपमा मात्र भएको छ,’ उनले भने, ‘मुलुकमा शासक फेरिएका छन्। प्रणाली अलिकति फेरिए जस्तो भएको छ। खासमा प्रणाली उस्तै उस्तै देखिएको छ।’उनले मुलुकलाई सकारात्मक सोचसहित परिवर्तनतिर लैजान खोजे पनि बिथोलिएको भनाइ राखे। अध्यक्ष ओलीले जनसाहित्यबाट अन्धविश्वास, कुरीति, अन्याय, असत्य, भेद्भाव र शोषण भत्काउन शब्दवाणमा गति दिनुपर्ने भनाइ राखे। सङ्गीत कला, साहित्य भनेको बेग्लै संवेदना र भाव रहने भन्दै यसले बेग्लै खालको असर पार्ने बताए। नेपाल धर्ती ज्ञान, सभ्यता, सङ्गीत, कला साहित्य शिक्षाको सुरुआत भएको उनको भनाइ थियो। उनले मुलुक राजनीतिकरूपमा अस्थिर र अन्योल रहेको बेला सामाजिकरूपमा अगाडि बढ्ने ठाउँ नभएको स्पष्ट पारे। नेपाली समाजको सभ्यता र संस्कृति नै धरापमा परेको भन्दै पूर्वजले हजार वर्ष लगाएर मूल्यमान्यता विकास गरेर स्थापित गरेको उनको भनाइ थियो। उनले अर्थतन्त्र बिग्रियो भने केही समयमा सुध्रिने भए पनि समाज बिग्रियो भने सुध्रन धेरै समय लाग्ने बताए।

## “विपन्न, असहाय, बेवारिसे बिरामीको नि:शुल्क उपचार गर”

**रासस**
**काठमाडौँ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विपन्न, असहाय, बेवारिसे बिरामीको लागि निःशुल्क उपचार अनिवार्यरुपमा उपलब्ध गराउन निर्देशन दिएको छ। अनुगमनका क्रममा मापदण्डको पालना नभएको, पार्किङ शुल्क उठाउने गरेको, कार्यरत जनशक्तिलाई न्यूनतम पारिश्रमिक उपलब्ध नगराएको भन्ने गुनासो प्राप्त भएको भन्दै मन्त्रालयले स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ को पालना गर्न ताकेताको परिपत्र गरेको छ।

मन्त्रालयले बुधवार सबै सरकारी, निजी, सामुदायिक अस्पताल, प्रतिष्ठान तथा मेडिकल कलेजलाई कूल शय्याको दश प्रतिशत विपन्न, असहाय, बेवारिसे बिरामीको लागि छुट्याएर उपचार सेवा उपलब्ध गराउन ताकेता गरेको हो। ‘स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ दफा ७० (घ) मा अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीको लागि कूल शय्याको दश प्रतिशत शय्या छुट्याई निःशुल्क उपचार अनिवार्यरुपमा गराउनुपर्छ’, मन्त्रालयद्वारा जारी सूचनामा उल्लेख छ।

यस्तै, बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधिसमेत खुलाएको बिरामी बडापत्र अस्पतालको अग्रभागमा देखिनेगरी राख्न निर्देशन दिइएको छ। मन्त्रालयले पटक-पटक स्वास्थ्य संस्था सञ्चालन मापदण्डको कडाइका साथ पालना गर्न चेतावनीसहित निर्देशन दिँदै आएको छ।

बुधबारनै काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले महानगरभित्र रहेका ६८ स्वास्थ्य संस्थाले छुट सुविधासम्बन्धी विवरण उपलब्ध नगराएको भन्दै सात दिनभित्र कानुनी दायरामा ल्याउन मन्त्रालयलाई पत्राचार गरेका थिए। प्रमुख शाहले मन्त्रालयले मापदण्ड पालना नगर्ने अस्पतालको प्रशासन बन्द गर्न बाध्य हुने चेतावनीसमेत दिएका थिए।

## कांग्रेस जनकपुरधामद्वारा दिप प्रज्वलन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विद्ययेक प्रमाणिकरण गरेपछि नेपाली कांग्रेस जनकपुरधाम स्वागत गर्दै खुसीयालीमा दिप प्रज्वलन गरेको छ।

कांग्रेसका कार्यवाहक जनकपुरधाम नगरसभापती राकेश विक्रमको अगुवाईमा नेपाली कांग्रेसका नेता कार्यक्रताहरुको सक्रियतामा जानकी मन्दिर प्राङ्गणमा भएको दिप प्रज्वलनमा उनीहरु राष्ट्रपतिलाई धन्यवाद दिदै खुसी व्यक्त गरेका छन्। कांग्रेसबाट राष्ट्रपति बनेका हाम्रो सम्मानिनिय राष्ट्रपति ज्यूले मधेशको मुल समस्या प्रति गम्भिरता पुर्वक ध्यान दिएर यो कदम चाल्नु भएकोमा हामी धन्यवाद दिन्छौं साहले भने मधेशका युवाहरुको मुख्य समस्या सामाधान भई रोजगार र रोजीरोटी तथा दैनिकी सहज हुने भएको छ। कार्यक्रममा कांग्रेसका युवा नेताहरु नेतृहरु सहितको उपस्थिती थियो।

## पूर्वप्रम खनाल सहभागी कार्यक्रममा अभद्र व्यवहार गर्ने पक्राउ

*उनीहरुलाई नियन्त्रणमा लिइ आवश्यक अनुसन्धानका लागि प्रहरी वृत्त सिंहदरबारमा राखिएको प्रहरीले जनाएको छ। कार्यक्रममा सन्तोष राजावादीले मञ्च कब्जा गरेर पूर्वराजाको पक्षमा भाषण गर्नुका साथै अन्यले सामूहिकरुपमा नाराबाजी गरेका थिए।*




**रासस**
**काठमाडौँ।**
नेकपा (एकीकृत समाजवादी) का वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालसहितका कम्युनिष्ट नेता सहभागी ‘नागरिकता विधेयक र देशको सीमा रेखा’ सम्बन्धी कार्यक्रममा हुल दङ्गा र नाराबाजी गर्ने नौ जनालाई प्रहरीले पक्राउ गरेको छ। मङ्गलबार अनामनगरस्थित सामाजिक विकास समाजको हलमा नेता खनाल, नेकपा क्रान्तिकारी (माओवादी) का सिपी गजुरेल र पूर्वगभर्नर डा दीपेन्द्र क्षेत्री सहभागी कार्यक्रममा हुल दङ्गा र नाराबाजी गर्ने नौ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए।

उनका अनुसार पक्राउ पर्ने अन्यमा धादिङ सलाङ गाउँपालिका-४ घर भई काठमाडौँ बस्ने ३० वर्षीय सन्तोष राजावादी, बाँके कोहलपुर महानगरपालिका-१ का २८ वर्षीय सतिश राजावादी, रामेछाप सुनपाती-५ का २१ वर्षीय तारा राजावादी, सिन्धुली तिनपाटा-१० का २७ वर्षीय क्षितिज चौलागाई, पाल्पा रामपुर-५ का २० वर्षीय आकाशकुमार भट्ट, बारा निजगड-४ का २८ वर्षीय सुजन राजावादी, सोही ठाउँका २० वर्षीय अर्पण खड्का र २४ वर्षीय निश्चल राजावादी तथा रुपन्देही देवीनगर-१७ का ३१ वर्षीय रितेश केसी छन्।

उनीहरुलाई नियन्त्रणमा लिइ आवश्यक अनुसन्धानका लागि प्रहरी वृत्त सिंहदरबारमा राखिएको प्रहरीले जनाएको छ। कार्यक्रममा सन्तोष राजावादीले मञ्च कब्जा गरेर पूर्वराजाको पक्षमा भाषण गर्नुका साथै अन्यले सामूहिकरुपमा नाराबाजी गरेका थिए। पूर्वप्रधानमन्त्री खनालविरुद्ध उक्त समूहले आक्रोशित हुँदै नारावाजी गरेको आरोपमा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

## विधेयकप्रति एमालेको आलोचना



*‘राष्ट्रपति कार्यालयमा निष्क्रियरुपमा थन्किएको विधेयक मन्त्रिपरिषद्ले निर्णय गर्नासाथ सक्रिय हुन्छ ?’*

**रासस**
**काठमाडौँ।**
प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)ले निष्क्रिय अवस्थामा रहेको नागरिकतासम्बन्धी विधेयक संसदीय विधि र प्रक्रिया उल्लङ्घन गरी जारी गरिएको भनी आलोचना गरेको छ।

एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङले मन्त्रिपरिषद्को निर्णय र सिफारिसबाट अचानक विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएको भन्ने घटनाले पार्टीलाई स्तब्ध तुल्याएको प्रतिक्रिया दिए। उनले भने, ‘कानुन आवश्यकता थियो, निष्कर्षमा पुऱ्याउन ढिलाई भएकै हो, जारी गर्ने विधि र प्रक्रिया भने मिलेन।’

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक बुधबारनै प्रमाणीकरण गरेका हुन्। ‘राष्ट्रपति कार्यालयमा निष्क्रियरुपमा थन्किएको विधेयक मन्त्रिपरिषद्ले निर्णय गर्नासाथ सक्रिय हुन्छ ?’ प्रश्न गर्दै उपनेता नेम्वाङले भने, ‘विधेयकमा समेटिएर आएका कतिपय विषयप्रति पार्टी गम्भीर छ।’

गत २०७९ साउन १५ गते प्रस्तुत नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सङ्घीय संसद्को दुवै सदनबाट पारित भएको थियो। विधेयकलाई अलि समय लिएर विचार पुऱ्याएर टुङ्गोमा पुऱ्याउन पर्ने मत रहेको बताउँदै उनले भने, ‘यो गर्नुपर्ने काम थियो, तर संविधान, कानुन र संसदीय मूल्य मान्यताले नचिनेको बाटोबाट आयो।’ उनले संविधानले जुन सदनमा त्यो उत्पत्ति भएको हो त्यही सदनको प्रमुखले प्रमाणित गरी राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पेस गर्नुपर्छ भनिएकामा त्यो प्रक्रियालाई बेवास्ता गरिएको आरोप पनि लगाए। पार्टीकै पहलमा गैर नेपाली आवासीयलाई नागरिकता प्रदान गर्ने निर्णय गरेको स्मरण गराउदै पूर्वसभामुख नेम्वाङले त्यसलाई समेत समेटेर विधेयक समयमै बन्नु आवश्यक रहेको बताए।

## प्रभुमा दन्त उपचार सुरु

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको पानीटंकीस्थित प्रभु अस्पतालमा दन्त उपचार सेवा सुरु भएको छ।

अस्पतालमा स्थापना गरिएको दाँत क्लिनिकको बुधवार उद्घाटन गरिएको हो।

दन्त रोग विशेषज्ञ डा. मनोज उपाध्यायले दाँत क्लिनिक उद्घाटन गरे। दाँत उपचारको सेवा डा. ज्योति गुप्ताले प्रदान गर्ने प्रभु अस्पालका सञ्चालक डा. मनोज गुप्ताले जानकारी दिए। यसअघि स्त्री तथा प्रसुती रोगलगायतका अन्य सेवा प्रवाह हुँदै आएको प्रभु अस्पतालबाटै अब दन्तसम्बन्धी सेवा पनि प्रवाह हुने सञ्चालक गुप्ताले बताए।

कार्यक्रममा अस्पतालका वरिष्ठ सर्जन डा. मनोज कुमार गुप्ता, स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. लक्ष्मी थापा गुप्ता, दिलीप राज कार्की लगायतको उपस्थिति थियो।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१, ५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरूसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा बैवाहिक कार्यहरुमा सहभागी भईएला।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ , पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरु बद्लान् ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्नेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरु शुभ होला ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ। कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।

# प्रधानमन्त्री प्रचण्डलाई एमालेको चेतावनी




**मुकेश कुमार यादव**
**सिरहा।**

नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेलले भारत भ्रमणमा गएका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले गलत सहमति गर्नसक्ने आशंका व्यक्त गरेका छन्।

बुधबार सिरहाको गोलबजारमा आयोजित एक कार्यक्रममा बोल्दै पूर्वउपप्रधानमन्त्री समेत रहेका उपाध्यक्ष पोखरेलले मुलुकको अहितमा हुन सक्ने सहमती विरुद्धका लागि खबरदारी गर्नुपर्ने आवश्यकता रहेका बताए। नेकपा एमाले जिल्ला कमिटी सिरहाले आयोजना गरेको बृहत पार्टी प्रवेश कार्यक्रममा बोल्दै उपाध्यक्ष पोखरेलले भारत भ्रमणमा रहेका प्रधानमन्त्री प्रचण्डले देशको हित विपरित सम्झौता गरे पार्टी चुप लागेर नबस्ने चेतावनी समेत दिए।

उनले आफ्नो पार्टी सच्चा राष्ट्रवादी भएको बताउँदै राष्ट्रको हित विपरित कुनैपनि सहमति सम्झौता मान्य नहुने बताए। उनले पार्टीलाई राष्ट्रको हितमा परिचालन गरी बृहत र व्यवस्थित पार्टी वनाउन कार्यकर्ताहरुलाई आव्हान गरे।

नेकपा (एकीकृत समाजवादी) का नेतासमेत रहेका पूर्वप्रदेशसभा सदस्य अशोक यादव र जनता समावादी पार्टी नेपालका प्रदेश सदस्य विना शर्मा, टीका लामा, जिल्ला सदस्य कृष्णा सिंह, ज्ञान कुमार सिंहलगायत विभिन्न पार्टी परित्याग गरी सयौंको संख्यामा एमाले प्रवेश गरेका छन्।

जिल्लाको सखुवानन्कारकट्टी गाउँपालिकामा एकीकृत समाजवादीका नेता तथा कार्यकर्तालाई पार्टी प्रवेश गराएको एमालेले जनाएको छ।एमालेकै एक नेताले पार्टी प्रवेश भनिएपनि गत प्रदेशसभा तथा प्रतिनीधिसभाको निर्वाचनकै क्रममा पार्टीमा अनौपचारिकरुपमा आएकाहरुलाई औपचारिकता ग्रहण गराउनलाई कार्यक्रम आयोजना गरेको जिकिर गरे।

यस कार्यक्रममा एमालेका पोलिटव्यूरो सदस्य तथा पूर्व मन्त्री लिलानाथ श्रेष्ठ, जिल्लाका निर्वाचित पालिकाका जनप्रतिनिधिहरु, पार्टीका नेताहरुको उपस्थिति रहेको थियो।

# ‘नागरिकताको समस्या सधैँका लागि अन्त्य’

**विनय कर्ण**
**सप्तरी।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले बुधबार राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल प्राङ्गणभित्र निर्माण गरिएको नर्सिङ कलेज भवनको उद्घाट्न गरेका छन्।

अस्पताल परिसरमा आयोजित एक कार्यक्रमकाबीच उनले नवनिर्मित भवनको उद्धाटन गरेका हुन्। उद्घाटनको क्रममा पूर्वउपप्रधानमन्त्री तथा जसपा अध्यक्ष यादवले आफ्नै मुलुकका नागरिकलाई नागरिकता दिनका लागि लड्नुपर्ने अवस्था सधैँका लागि समाधान भएको विश्वास व्यक्त गरे। उनले नागरिकता विधेयक प्रमाणीकरण गरेकोप्रति राष्ट्रपति रामचन्द्र पौडेललाई विशेष धन्यवाद दिँदै मुलुकबाट नागरिकतासम्बन्धी समस्या समाधान हुने बताए। उनले विगतमा पनि लामो संघर्षपछि मात्रै यहाँका नागरिकले नागरिकता पाएको उल्लेख गर्दै उनले नागरिकता विधेयकमा पनि ठूलै संघर्ष गर्नु परेको स्मरण गरे।

उनले भने, ‘मधेसमा देखिएका नागरिकतासम्बन्धी समस्या समाधानका निम्ति हामीले सडकदेखि सदनसम्म लामो समय संघर्ष गर्दा पहिलो चरणमा २२ लाख र दोस्रो चरणमा नौ लाख नागरिकलाई नागरिकता दिलायौँ, तरपनि थुप्रै नागरिकका सन्तान गैरनागरिक नै छन्, त्यसका लागि पनि ठूलै संघर्ष गर्नुपर्‍यो।’




अध्यक्ष यादवले भवनको उद्घाटनपछि राजविराज नगरपालिकाका कार्यावाहक प्रमुख इसरत परबिनले भवनको कागजात अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाशप्रसाद साहलाई हस्तान्तरण गरिन्। २०७४ को निर्वाचनमा सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका यादवले संसदीय कोषको रु ६ करोड ९२ लाख २१ हजार ११९ बजेट यो भवन निर्माणका लागि उपलब्ध गराएका थिए। निर्माण सम्पन्न भएको सो दुई तल्ले भवनमा १४ वटा कोठा, ४ वटा शौचालय रहेको छ।

# एनएमबि बैंकमा १५ लाख भन्दा लुटपाट भएको पुष्टि

**मधेशदृष्टि**
**जलेश्वर।**

महोत्तरीको एक गाउँ स्थित एनएमबि बैंकमा १५ लाख रुपैयाँ भन्दा बढी लुटपाट भएको बैंकले पुष्टि गरेको छ।

मंगलबार दिउँसो महोत्तरी गाउँपालिका वडा नम्बर २ स्थित महोत्तरी बजारमा रहेको एनएमबि बैंकमा लुटेराहरुको एक समुहले पेस्तोल देखाएर लुटपाट गर्ने क्रममा करिब ३५ लाख रुपैयाँ भन्दा बढी लुटपाट भएको हुनसक्ने बैंकका कर्मचारीले अनुमान गरेको थियो।

तरपछि हिसाबकिताब मिलान गर्दा १५ लाख १ हजार ४९३ रूपैयाँ




लुटिएको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक प्रकाश मल्लले जानकारी दिए।

यता महोत्तरी प्रहरीले भने बैंक लुटपाट भएको घटनामा संलग्न व्यक्तिहरुको खोजी कार्य जारी रहेको जनाएको छ।

लुटपाटपछि लुटेराहरु मोटरसाइकल चढेर फरार भएका थिए। घटना जानकारी प्राप्त भएलगत्तै महोत्तरी प्रहरीले सीसीटीभी फुटेज र प्रत्यक्षदर्शीहरुको बयानका आधारमा खोजी कार्य जारी राखेको छ।

महोत्तरीका प्रहरी उपरीक्षक मल्लले हुलियाको आधारमा लुटेरा समूहको खोजी जारी रहेको बताए। प्रहरी उपरीक्षक मल्लले भने, ‘शंकास्पद व्यक्तिहरुलाई स्क्रिनिङ जारी राखेका छौं, अहिलेसम्म कोहीपनि पक्राउ परेका छैनन्।’

उनले नेपाल-भारत सिमानाका क्षेत्रमा कडाइ गर्दै शंकास्पद व्यक्तिहरुसँग सोधपुछ र निगरानीसमेत बढाइएको बताए।

लुटेराको खोजीकार्यमा सशस्त्र प्रहरीले पनि सघाइरहेको छ।

# सैजनले लियो एकको ज्यान

**मधेशदृष्टि**
**जलेश्वर।**

महोत्तरीमा सैजनको विषयमा झगडा हुदाँ एकको मृत्यू भएको छ।

मंगलबार साँझ गौशाला नगरपालिका वडा नम्रब १० स्थित बटैवा बस्ने ५५ वर्षिय छविलाल मण्डललाई स्थानीय २५ वर्षिय विशाल महतो र २५ वर्षिय दुर्गा मण्डलले खेतमा लगाएको सैजन काटेको बिषयमा सामान्य विवाद तथा झैँझगडा हुँदा घाइते भएका छविलालको उपचारको क्रममा बुधबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

झैँझगडाको क्रममा छविलालको निधार र छातीमा चोटपटक लागेपछि मंगलबार प्राथमिक स्वास्थ्य केन्द्र गौशालामा उपचारका लगिएको थियो। तर त्यहाँ उपचार हुन नसकेपछि थप उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरमा ल्याइएको थियो। उनको उपचारकै क्रममा बुधबार साढे ३ बजे मृत्यु भएको महोत्तरी प्रहरीका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीले बताए। कुटपिट गर्ने दुवै जनालाई प्रहरीले नियन्त्रनमा लिएको छ भने यस सम्बन्धमा थप अनुसन्धान भईरहेको उनले बताए।

# रकम ठगी आरोपमा पक्राउ



**मधेशदृष्टि**
**सर्लाही।**

सर्लाहीमा ठगी आरोपमा एक जना पक्राउ परेका छन्।

वैदेशिक रोजगारीमा पठाईदिने भन्दै विभिन्न व्यक्तिसँग पैसा उठाएर ठगी गरेको आरोपमा हरिवन नगरपालिका वडा नम्बर ५ घर भई काठमाडौँको सिनामंगल बस्दै आएका २७ वर्षिय निरोज बुढाथोकीलाई प्रहरीले पक्राउ गरेको छ।

सर्बिया पठाइदिने भन्दै विभिन्न व्यक्तिहरुसँग १२ लाख रुपैयाँ ठगी गरेको आरोपमा निरोजलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

उनले मासिक एक लाख तलब हुने आश्वासन देखाएर चार जनाबाट १२ लाख रुपैयाँ लिएर फरार भएको भन्दै प्रहरीमा उजुरी परेपछि उनलाई पक्राउ गरिएको छ। उनले प्रतिव्यक्ति साढे ५ लाख रुपैयाँ लाग्ने बताएको र रकम ठगी गरेर फरार भएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

आरोपित निरोजलाई काठमाडौं-९ सिनामंगलबाट पक्राउ गरी कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

आरोपित निरोज हरिवन नगरपालिकाका मेयर कमल बुढाथोकीका छोरा हुन्।

# पोखरीमा डुबेर बालकको मृत्यु



**मधेशदृष्टि**
**सप्तरी।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर ४ स्थित रहेको पोखरीमा डुबेर बुधबार एक बालकको मृत्यू भएको छ।

तिलाठी कोइलाडी गाउँपालिका ४ का धर्मेन्द्र पासवानको ११ बर्षीया छोरा सुवास पासवानको पोखरीमा डुबेर मृत्यू भएको हो।पोखरी डिलमा खेल्ने क्रममा लडेर पोखरीमा डुब्दा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए।

# अवैध सालको काठ प्रहरी नियन्त्रणमा



**मधेशदृष्टि**
**जलेश्वर।**

महोत्तरीको बर्दिबासबाट एक ट्रकसहित ८५ लाख बराबरको अवैध सालको काठ प्रहरीले नियन्त्रणमा लिएको छ।

महोत्तरी प्रहरीलाई प्राप्त भएको विशेष सूचनाको आधारमा पुर्वबाट पश्चिम तर्फ जाँदै गरेको ना.६ख. ६६६४ र ना.६ख. ६२७२ नम्बरको दुईवटा ट्रकलाई बर्दिबास नगरपालिका-५ बाट नियन्त्रणमा लिएको हो।

दुवै ट्रकबाट १२१ थान सालको काठको गोलिया महोत्तरी प्रहरीले बरामद गरेको छ। काठको गोलिया सहित दुवै ट्रक र ट्रकका चालकलाई इलाका प्रहरी कार्यालय बर्दिबासले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्याय महोत्तरीले जनाएको छ।

बरामद भएको १ हजार ५३३ क्युफिट सालको काठ ८५ लाख ५२ हजार ४४५ रुपैयाँ मूल्य बराबरको रहेको महोत्तरी प्रहरीका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए।

बरामद काठ, सवारी साधन र चालकलाई आवश्यक कारबाहीका लागि सब डिभिजन वन कार्यालय गढन्ता महोत्तरीलाई बुझाइएको उनले बताए।

# सातदिनभित्र सूचना दिन आदेश



**मधेशदृष्टि**
**सप्तरी।**

राष्ट्रिय सूचना आयोगले सूचना लुकाएको आरोप लागेका राजविराज नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत निरन्जन यादवलाई ७ दिनभित्र सूचना उपलब्ध गराउन आदेश दिएको छ।

पत्रकार सौरभ यादवले आयोगमा दिएको पुनरावेदनमाथि प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ, आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनालीको वैशाख १६ गते बसेको संयुक्त इजलासले यस्तो आदेश दिएको हो।

पत्रकार यादवले नगरपालिकामा उपलब्ध रहेको सवारी साधनलगायतका विकास बजेटसहितका विषयमा आयोगमा उजुरी दिएका थिए।



**भोलि उत्कृष्ट बन्ने तयारी हो भने**
**आज राम्रो मिहिनेत गर्नुपर्छ।**
- एच ज्याक्सन ब्राउन

## सम्पादकीय

# नागरिकता विधेयक

बुधबार राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गरेपछि यसका बारे सकारात्म र नकारात्मक प्रतिक्रियाको बाढी छ । अघिल्लोपटक संसदका दुवै सदनबाट दुई दुई पटक पारित भएको विधेयक तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीबाट स्वीकृत हुन सकेन। यसले तराई मधेशका दलहरुमा ठूलो असन्तुष्टि देखिन्थ्यो। त्यो असन्तुष्टि समाधानका लागि सरकार परिवर्तनसँगै दलहरुले चासो लिइरहेका थिए। सत्तारुढ नेपाली कांग्रेसका मधेशका नेताहरु पनि यसमा सकारात्मक थिए। राष्ट्रपतिबाट यो कदम होस् भनेर खुलेर भनिरहेका थिए। उसो त तराई मधेशका अरु पार्टीका नेता तथा कायकर्ताहरुले पनि यसलाई प्रमुख मुद्दा बनाएका थिए। स्वयम् सरकारले नै मन्त्रिपरिषद्‌बाट विधेयक पारित गर्न निर्णय गरेर राष्ट्रपतिकहाँ पठाउने काम भएपछि राष्ट्रपतिले यसलाई लालमोहर लगाइदिए। विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण सहज वा कानुनी छिद्रको सहायताबाट भनेर यतिखेर आलोचना भइरहेको छ।

बुधबार बिहान राष्ट्रपतिले प्रमाणीकरण गरेको विधेयक यसअघि संघीय संसदले २०७९ साउनमा राष्ट्रपतिकोमा पठाएको थियो । तत्कालीन राष्ट्रपति भण्डारीले प्रमाणीकरण नगरी सन्देशसहित प्रतिनिधिसभामा फिर्ता पठाएपछि राजनीति पेचिलो बनेको थियो। फेरि दुवै सदनले नागरिकता विधेयक हुबहु पारित गरेर भदौ २० गते प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाएको थियो । संविधानअनुसार राष्ट्रपति भण्डारीले विधेयक १५ दिन अर्थात असोज ५ गतेभित्र प्रमाणीकरण गर्नुपर्ने भए पनि प्रमाणीकरण भएन । यसले राष्ट्रपति कार्यालयमा होल्ड भएको विधेयकको अवस्था के हो हुने भन्ने प्रष्ट नभएका बेला गएको १२ गते बसेको मन्त्रिपरिषद् बैठकले नागरिकता विधेयक प्रमाणीकरण गर्न राष्ट्रपतिलाई अनुरोध गर्ने निर्णय गरेको थियो । मन्त्रिपरिषद्‌को सिफारिसका आधारमा राष्ट्रपति पौडेलले विधेयक प्रमाणीकरण गरिदिए। विधेयकमा २०७२ असोज ३ अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर १६ वर्ष पूरा भएपछि वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने उल्लेख छ। कानुन नहुँदा यसअघि जन्मका आधारमा नागरिकता लिएका सन्तानमध्ये ५ लाखभन्दा धेरैले नागरिकता लिनबाट वञ्चित भएको तथ्याङ्क छ । यस्तै, नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको नाबालकलाई निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मान्ने, नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने प्रावधान पनि छ । यस्तै, विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिलाबाट नेपालमा जन्मिएको व्यक्तिले नेपाली नागरिकता लिँदाका बखत निजको आमा र बाबु दुवै नेपाली नागरिक रहेमा त्यस्तो व्यक्तिले वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नेलगायतका प्रावधान विधेयकमा राखिएको छ।

नेपालका हरेक राजनीतिक घटनाक्रममा नागरिकता पेचिलो बनेर आउँछ । यो २००७ सालपछिको सबै घटनाक्रममा जोडिएको विषय हो । परिवर्तनका हरेक मोडमा नागरिकताको विषय नउठेको समय छैन। अन्तिम पटक २०६३ मा भएको वृहत शान्ति सम्झौता, २०६५ को गणतन्त्र घोषणा, त्यसपछि संविधान जारी हुँदै संसदमा बनेको सरकारको पनि यही काम भइरहेको छ कि, यो बेलासम्म १६ वर्ष पुगेका र निजका अभिभावक नेपाली भएको अवस्थामा भन्ने प्रावधानले काम गरिरहेको छ । २०७२ असोज ३ लाई नै समयसीमा मानेर नागरिकता दिइने विषय हो। ५ लाख भन्दा बढीले नागरिकता पाउने कुरा छ। यसले तराई मधेशमा हर्षोल्लास छाएको छ। केही बेखुशी पनि छन् । यो राजनीतिक छिनाझप्टीमा दलहरुले दूरदर्शी निर्णय गरे या गरेनन् । पछि खुल्दै जाने छ । तर नागरिकता जस्तो विषय नेपाली राजनीतिमा सत्ता टिकाउने तुरुप हुनु दुर्भाग्य बनिरहनेछ सबैका लागि, सधैँका लागि।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# भारत भ्रमणमा हाम्रा प्राथमिकता हवाई रूट र बिजुली व्यापार



● एकराज पाठक

*तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले विसं २०७८ को भारत भ्रमणमा समकक्षी मोदीसँग नै हवाई रुटको विषय उठाउनुभएको थियो। त्यसपछि विसं २०७९ मा भारतीय प्रधानमन्त्री मोदी लुम्बिनी भ्रमणमा आएका बेला पनि प्रधानमन्त्री देउवाले यो प्रसङ्ग उठाउनुभएको थियो। त्यसयताका अरु द्विपक्षीय औपचारिक भेटवार्ताका क्रममा नेपाली पक्षले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका लागि हवाई प्रवेशमार्गको माग गरिआएका छन्। यस विषयमा भारतले हुँदैन नभने पनि ठोस निर्णय हुन भने सकेको छैन।*
*नेपालले भारतसँग गरी आएको विद्युत् व्यापार सम्झौताको प्रस्ताव नेपालको अर्को एक राष्ट्रिय आवश्यकता हो।*

'गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरेर निजी क्षेत्रले मात्र यहाँ रु ६० अर्बको लगानी गरिसकेको छ। होटलमा मात्र रु ३० अर्ब लगानी थपियो। विमानस्थलकै आशले सेवा तथा पर्यटन क्षेत्रका धेरै संरचना बने। लुम्बिनी क्षेत्रमा मात्र दैनिक २० हजार जनाको चहलपहल हुने आकलन थियो। तर अहिले हामीले सोचेजस्तो विमानस्थल सञ्चालनमा आउन सकेन। यसले त हामीमा निराशा थपिदियो। यतिका धेरै लगानी डुब्ने त्रास बढ्दो छ। तर हामी उद्योगी–व्यवसायीसँग कुनै विकल्प नै रहेन', नेपाल उद्योग वाणिज्य महासङ्घ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्मा भन्नुहुन्छ।

विमानस्थल निर्माण हुँदै गर्दा हौसिएका स्थानीयको आशा र खुसी वर्ष दिनमै निराशामा परिणत भएको छ। विमानस्थल सञ्चालनमा आएको वर्ष दिन पुग्यो तर सोचेअनुसार सञ्चालन भएको छैन। यहाँ विदेशी जहाज उडेका छैनन्। आक्कलझुक्कल विमान उडाएको अल जाजिराले पनि उडान रोक्ने जनाएको छ। त्यसैले सबैले सरकारसँग आग्रह गरेका छन्– भारतसँग रुट अनुमति ल्याउँ र विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर।

शर्मा भन्नुहुन्छ, 'मेरो त यो सुझाव छ कि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' यही विमानस्थलबाटै भारत जानुहोस्, त्यसपछि भारतलाई पनि दबाब सिर्जना हुनेछ। भारत भ्रमणका क्रममा उहाँले भारतसँग दह्रोरूपमा कुरा उठाउनुपर्छ र विमानस्थल सञ्चालनमा ल्याउने वातावरण उहाँकै पहलबाट तत्कालै बनाउनुपर्छ।'

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' बुधबार छिमेकी देश भारतको भ्रमणमा जाँदै हुनुहुन्छ। चारदिने औपचारिक यस भ्रमणमा प्रधानमन्त्री दाहालले नेपालका तर्फबाट भारतीय पक्षसँग राख्नुपर्ने प्राथमिक एजेण्डामा एउटा यो पनि हो। लुम्बिनी क्षेत्रमा लगानी गरेको निजी क्षेत्रमात्र होइन कि काठमाडौँबाहेकको अर्को अन्तर्राष्ट्रिय विमानस्थलको पर्खाइमा बसेका आम नेपाली नागरिकको चासो यो विमानस्थलमा छ।

त्यसैले धेरैले हवाई रुट प्राप्त गर्ने विषयमा नेपाली पक्षले प्राथमिकताका साथ प्रस्ताव गर्नुपर्ने सुझाएका छन्। उता पोखरामा पनि अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भइसकेको छ। यो विमानस्थल समयमै र यसको पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन सकिएन भने उता पोखराको पनि क्षमताअनुरुपको प्रयोगमा ल्याउनका लागि बल गर्नुपर्ने अवस्था छ। नेपाली पक्षले दुईतर्फी हवाई रुट थप्ने एजेण्डालाई प्राथमिकतामा राख्न सक्दा मात्र नेपालको यो आवश्यकताको पूर्ति हुनेछ।

अहिलेको विद्यमान अवस्थाको कुरा गर्दा अन्तर्राष्ट्रिय विमानहरू सिमराको आकाश हुँदै मात्र नेपाल प्रवेश गर्न पाएका छन्। नेपालले भैरहवा र महेन्द्रनगरबाट भित्रिने रुट थप्न चाहेको छ, यस विषयमा विभिन्न तहमा छलफल जारी नै छ।

बुझिएअनुसार भारतीय पक्ष भैरहवाबाट नभए महेन्द्रनगर क्षेत्रबाट हवाई रुट दिन सकारात्मक देखिएको छ। यो पछिल्लो समाचार आएलगत्तै फेरि भारतको एयर फोर्सले सुरक्षा चासो देखाएको चर्चा पनि सुरु भएको छ। मनमा शङ्का लाग्नुपर्ने अवस्था किन छ भने सुरक्षाको प्रश्न उठेपछि त्यसमा प्रश्नचिह्न लाग्न पनि सक्छ। त्यसैले नेपाली पक्ष यस विषयमा आवश्यक गृहकार्यका साथ छिमेकीसँग प्रस्तुत हुँदा राम्रो हुनेछ। अब आउने दिनमा हामीलाई हवाई रुटको आवश्यकता झन् पर्ने देखिन्छ। त्यसैले यस विषयमा दुई मुलुकका प्रमुखबीच नौ वर्षअघि बनेको समझदारीलाई साकार बनाउन सक्ने गरी नेपाल प्रस्तुत हुनु आवश्यक छ।

यसअघि सन् २०१४ मा भएको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका क्रममा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालासँगको द्विपक्षीय भेटवार्तापछि जारी संयुक्त वक्तव्यमा पनि यो विषय उल्लेख भइसकेको छ। नेपाल र भारतका सम्बन्धित निकायबीच छ महिनाभित्र बैठक बसेर आवश्यकताका आधारमा हवाई सेवा सम्झौता गर्ने कुरा सो वक्तव्यमा छ।

यस विषयले त्यसपछि पनि निरन्तरता पाएको हो। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले विसं २०७८ को भारत भ्रमणमा समकक्षी मोदीसँग नै हवाई रुटको विषय उठाउनुभएको थियो। त्यसपछि विसं २०७९ मा भारतीय प्रधानमन्त्री मोदी लुम्बिनी भ्रमणमा आएका बेला पनि प्रधानमन्त्री देउवाले यो प्रसङ्ग उठाउनुभएको थियो। त्यसयताका अरु द्विपक्षीय औपचारिक भेटवार्ताका क्रममा नेपाली पक्षले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका लागि हवाई प्रवेशमार्गको माग गरिआएका छन्। यस विषयमा भारतले हुँदैन नभने पनि ठोस निर्णय हुन भने सकेको छैन।

नेपालले भारतसँग गरी आएको विद्युत् व्यापार सम्झौताको प्रस्ताव नेपालको अर्को एक राष्ट्रिय आवश्यकता हो। यस वर्ष यो विषय झनै टड्कारो भएको छ। किनभने अब नेपालमा उत्पादित बिजुली बेच्ने बजार हामीलाई अत्यावश्यक छ। त्यो बजारको बलियो साँचो भारतसँगै छ। भारतमै ऊर्जा अपुग छ, भारतबाहेकको बजारका लागि पनि भारतकै सहयोग आवश्यक पर्दछ। नेपालका लागि बङ्गलादेशसम्मको छुट्टै प्रसारण लाइनका विषयमा दुई देशका प्रधानमन्त्रीको भेटमा छलफल गर्न गृहकार्य भइरहेको छ। तर यस विषयमा ठोस निर्णय भइसकेको छैन।



**धेरैले हवाई रुट प्राप्त गर्ने विषयमा नेपाली पक्षले प्राथमिकताका साथ प्रस्ताव गर्नुपर्ने सुझाएका छन्। नेपाली पक्षले दुईतर्फी हवाई रुट थप्ने एजेण्डालाई प्राथमिकतामा राख्न सक्दा मात्र नेपालको यो आवश्यकताको पूर्ति हुनेछ।**

सैद्धान्तिकरूपमा बङ्गलादेशसम्म जाने अनुमति भारतले दिन त तयार भएको छ तर हाल उसैको संरचनाबाट मात्र त्यो उपलब्ध छ। त्यसबाट बढीमा ५० मेगावाट मात्रै बिजुली जान सक्ने अवस्था छ। तर यो नभएर नेपालले बङ्गलादेशसँगको व्यापार सम्झौताका लागि छुट्टै प्रसारण लाइन बनाउन चाहेको छ। नेपाल र बङ्गलादेशको चाहना पनि यही छ। दुई देशका बीचको स्थायी संरचना निर्माण गर्न पाए आगामी दिनमा जे–जति ऊर्जाको किनबेच हुन्छ त्यो हामी आफैँले गर्न सक्ने अवस्था रहन्छ। बङ्गलादेशमा यही जेठको पहिलो हप्ता भएको सचिवस्तरीय बैठकमा नेपाल र बङ्गलादेश दुवैको संयुक्त प्रयासमा छ सय ८३ मेगावाटको सुनकोसी तेस्रो बनाउने सहमति भएको थियो। तर यसको बिजुली बङ्गलादेशसम्म लैजान भने छुट्टै प्रसारण लाइन आवश्यक हुन्छ। त्यसका लागि भारतले भूमिलगायतको सहयोग र समन्वय उपलब्ध गराउँदा दुवै देशलाई फाइदा पुग्थ्यो।

त्यसैले आसन्न भारत भ्रमणका क्रममा यी विषयमा दुई प्रधानमन्त्रीबीच छलफल हुनु आवश्यक छ। हाम्रो यस राष्ट्रिय चासोका विषयमा नेपालले छिमेकी भारतलाई सहमत गाराउन सक्नुपर्छ। हाम्रो कूटनीतिक क्षमताको प्रदर्शन यसमा हुन सक्यो र भारतलाई सहमत गराउन सकियो भने यसबाट नेपालको बिजुली व्यापारको बाटो दीर्घकालसम्म खुल्ने देखिन्छ। नेपालको संसद्‌लाई प्रधानमन्त्री दाहालले यी दुवै विषयमा आफूले भारतसँग सहमति सम्झौताको अधिकतम् पहल गर्ने जानकारी गराइसक्नुभएको छ। यसमा मुलुकको कूटनीतिक संयन्त्रले प्रधानमन्त्रीलाई बल पुग्ने गरी सहयोग गर्नु जरुरी छ।

नेपालले भारतीय बजारमा बिजुली बिक्री गर्न त सुरु गरिसकेको छ। तर पनि यससम्बन्धी सम्झौतालाई हाल बर्सेनि नवीकरण गर्नुपर्ने व्यवस्था विद्यमान छ। यसमा नेपालले दीर्घकालीन सम्झौता गरेर २५ वर्षसम्म अवधि पुर्याउनुपर्ने प्रस्ताव केही समय अघि गरिसकेको छ। यहाँ उत्पादनका लागि भारतले अनुमति दिएकै पनि अधिकांश आयोजनाको म्याद थपका लागि नेपाली पक्षले स्वीकृतिका लागि बर्सेनि प्रस्ताव गर्नुपर्छ। यसरी बर्सेनि म्याद थपका लागि सुरुबाटै नयाँ ढङ्गबाट प्रक्रिया सुरु गर्नुपर्दा दुवै पक्षलाई झन्झट हुने गरेको विद्यमान अवस्था छ। त्यसैले यो अवधिलाई हाल कम्तीमा पनि २५ वर्षसम्म पुर्याई त्यसैबमोजिमको सम्झौता गर्न पाए दुवै पक्षलाई र अझ बढी नेपाली पक्षलाई लाभ पुग्ने थियो।

नेपाल र भारत सदियौँ पुराना मित्र हुन्। कुनै लेनदेन, व्यापार या सम्झौता भन्दा पनि आफ्नो छिमेकीपन र खुला सीमासहितको खुला सम्बन्ध दुई देशको अलौकिकता हो। यसैबाट सम्बन्धको मापन गर्दा द्विपक्षीय हित नै बढी भेटिन्छ। यस आधारमा सम्बन्धको बहुआयामिकताको मापन गर्नु दुवैतर्फको हितमा हुन्छ।

खुला सिमाना हुनुका धेरैमध्येको एउटा अर्थ हाम्रा द्विपक्षीय सम्बन्धका आयाम र आयतन पनि खुलापनमै आधारित हुनु हो। खुला सिमानासँगै हृदय पनि खुला नै हुनुपर्छ भन्ने विश्वास गरिन्छ। खुला हृदयबाट नै एकले अर्काका अप्ठेरा बुझ्न र मापन गर्न पनि सकिन्छ, सक्नुपर्छ। ती समस्याको उच्चतम बुझाइ र समझदारी निर्माणको काम गर्ने एउटा अवसर यस्तै उच्च भ्रमण पनि हो। त्यो समझदारी यसपटक थप उचाइमा बन्न सकोस् भन्ने कामना यतिखेर सबै नेपालीको छ।

नेपालका प्रधानमन्त्रीको भारत या अर्को कुनै देशको भ्रमण हुनु भनेको माग्न या केही लिन जाने मात्र पनि होइन। हामीले त्यस अर्थमा यो भ्रमणलाई लिनु हुँदैन। यो अवसर भनेको आपसी अप्ठेराहरूको गाँठो फुकाउने समझदारीको निर्माण हो, हुनुपर्छ। त्यसैले नेपालका प्रधानमन्त्रीको आसन्न भारत भ्रमण पनि हामीलाई परेका यी अप्ठेराहरू फुकाउन समझदारी निर्माण गर्ने उचित अवसर बन्न सक्नुपर्छ। हामी दुई ठूला छिमेकका समृद्धिबाट लाभ लिनसक्ने कूटनीतिक क्षमतामा रहनुपर्छ।

नेपाल कुनै आर्थिक या सैन्य शक्तिमा पर्दैन र होइन पनि। हामीसँगको शक्ति भनेको कुनै सबै पक्षसँग कूटनीतिक वार्ता र छलफलका माध्यमबाट समझदारीको निर्माण नै हो। हामीले वार्ताको टेबलमा बसेर राखेका राष्ट्रिय हितका जायज पक्षहरूलाई हाम्रा छिमेकीले राम्रोसँग सुन्छन्, सुन्नुपर्छ। हाम्रा आवश्यकता छिमेकीलाई सुनाउने अथवा मुलुकको राष्ट्रिय हितलाई उनीहरूसँग राख्ने शैलीले कूटनीतिक क्षमता मात्र प्रदर्शन गर्दैन, उनीहरुमा छिमेकपनको दायित्वबोध पनि गराउन सक्दछ। हामीसँग त्यस प्रकारको प्रभावकारी 'वार्ता कूटनीति' हुनु जरुरी छ। हामीले दुई ढुङ्गाबीचको तरुल होइन कि अब आर्थिकरूपमा समृद्ध दुई ठूला छिमेकीबाट लाभ लिनसक्ने कूटनीतिक क्षमता अख्तियार गर्नुपर्छ। यी समृद्धिका समुद्रबाट हामीले कति लोटा पानी उभाउन सक्छौँ, त्यो त हामीमै भर पर्ने हो।

यस्तो अवस्थामा आपसी विश्वास धेरै हदसम्म जोडिएर आउने भएकाले यो विश्वासको वातावरण निर्माण गर्ने काम धेरै त हाम्रो नै हो। हाम्रो कूटनीतिक कौशलमा सधैँ राष्ट्रिय एकता र विश्वासको निर्माण आवश्यक रहन्छ। त्यसैले भारत भ्रमणको प्रसङ्ग आयो कि अनगिन्ती एजेण्डा थुपारेर बोझ बनाउने काम गर्नु हुँदैन। हो, एजेण्डा अनेक होलान्, तर तिनीभित्र अहिलेको हाम्रो प्राथमिकता के हो त ? पहिला यसको निर्धारण गर्नुपर्छ। हाम्रो यतिखेरको राष्ट्रिय आवश्यकताका दुई प्राथमिकता हवाई रुट र बिजुली व्यापार हो। सबैतिर भनिए, सुनिएको खाँचो यही देखिन्छ। हालका लागि यसैलाई सहजीकरण गर्न आपसी समझदारी निर्माण गर्ने अवसरका रूपमा भ्रमणलाई लिनुपर्दछ। यसबाहेक हाम्रा सन्धि, सम्झौता, सीमा विवादको समाधान तथा व्यापार पारवहनका गाँठो फुकाउने कुरा त छँदै नै छन्।

# बाघ संरक्षणका लागि सडक नाटक



**रासस**
**भरतपुर ।**
उन्नाइस वर्षीया अप्सरा स्याङ्ताङलाई पाटेबाघको बारेमा राम्रोसँग जानकारी छ । उनी बाघको बानी व्यहोरा, आहारविहार र बासस्थानका बारेमा पनि जानकार छिन् । उनी आफूमात्र नभई अरुलाई पनि बाघबारे राम्रोसँग बुझाउन सक्ने क्षमता राख्छिन् । बाघ संरक्षणका लागि तालिम लिएर सडक नाटक प्रस्तुत गर्न थालेपछि उनले बाघका बारेमा झन् ज्ञान बढेको बताउछिन् ।
स्नातक तह अध्ययन गरि रहेकी स्याङ्ताङलाई चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गतको निर्मल ठोरी उपभोक्ता समितिले नाटक प्रस्तुत गर्नका लागि एक हप्ताको तालिम प्रदान गरेको हो । बाघ संरक्षणका लागि सडक नाटक लिएर उनी अहिले आफ्नो गाउँको चोक-चौतारामा पुग्ने गरेकी छिन् । यो अभियानमा स्याङ्ताङ एक्लो छैनन् । उनीसँगै गाउँका १४ किशोरकिशोरी पनि सडक नाटक देखाउन सहभागी हुने गरेका छन् । उनीहरूले पनि स्याङ्ताङले जस्तै तालिम लिएका छन् ।
चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको पर्साको एक मात्र उपभोक्ता समिति हो निर्मल ठोरी । 'गाउँमा बाघले निकै दुःख दिन्छ । बाघकै कारण बर्सेनि धनजनको क्षति हुने गरेको छ । तर हामी बाघकै संरक्षणमा जुटेका छौँ', स्याङ्ताङले भनिन् 'हामी विवेकशील प्राणी हौँ, यसकारण पनि बाघको संरक्षण गर्नुपर्छ ।' उनले गाउँका चोक-चौतारामा सडक नाटक देखाएर जनचेतना फैलाउँदा धैरैले बाघ संरक्षणको बारेमा जान्ने मौका पाएको बताइन् । ठोरीमा १२ वर्षदेखि १९ वर्षका किशोर-किशोरी सडक नाटक देखाउने अभियानमा छन् ।
ठोरी गाउँपालिका-१ चौताराका सनिस तामाङ वातावरणलाई सन्तुलन राख्नका लागि पनि बाघको संरक्षण गर्नुपर्ने बताउँछिन् । उनी पनि सडक नाटकमार्फत बाघकाबारे धैरै कुरा जान्न र अरुलाई बुझाउन सक्ने भएको बताउँछिन् । सडक नाटक प्रस्तुत गर्दा आफ्नो बौद्धिक क्षमता बढ्ने र सामाजिक रूपमा घुलमिलको वातावरण सिर्जना हुने अनुभव उनले सुनाइन् ।
सिर्जना मध्यवर्ती बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष घनश्याम अधिकारी पनि किशोर-किशोरीसँगै बाघ संरक्षणको अभियानमा जुटेका छन् ।
उनी भन्नुहुन्छ, 'किशोर-किशोरीलाई अहिलेदेखि नै संरक्षणको भावना जगाउन सडक नाटक निकै प्रभावकारी छ, यसले भावी पुस्तामा संरक्षणको भावना झन् विकास हुने देखिन्छ ।'
चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गतको निर्मल ठोरी उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतले ठोरी क्षेत्र वन्यजन्तु र त्यसमा पनि बाघ प्रभावित क्षेत्र भएको बताए । 'यहाँ वन्यजन्तुपीडित धैरै छन्, उनले भने 'बाघले गाउँघरमा पसेर गाईवस्तु, बाख्रा, बङ्गुर खाने गरेको छ', उनले मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि गाउँघरमा सचेतना जगाउन सडक नाटक प्रस्तुत गरिरहेको बताए ।
चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार चितवन राष्ट्रिय निकुञ्जका २२ समितिमार्फत बाघ संरक्षणका काम भइरहेको छ । उनले वन्यजन्तु जोगाउन शिक्षा दिने योजनाका साथ युवापुस्तालाई सडक नाटकमार्फत अघि सारिएको बताए । 'गाउँगाउँमा पुगेर सचेतना फैलाउने काम कोरोनाका कारण रोकिएको थियो', उनले भने 'अहिले पुनः सोही खालका अभियान सुरु गरेका छौँ ।' उनले समुदायमा पुग्न सकेमात्र संरक्षण दिगो हुने भन्दै सडक नाटक प्रभावकारी बनेको बताए ।
चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङ्गानाले चेतनामूलक कार्यक्रमले संरक्षणमा स्थानीयको अपनत्व विकास भएको बताए । उनले बालबालिका र युवा केन्द्रित कार्यक्रमले बाघलगायतका वन्यजन्तु संरक्षणमा प्रभावकारी भूमिका खेलेको जानकारी दिए ।
बाघ संरक्षणका लागि मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिमार्फत तराई भूपरिधि कार्यक्रम (ताल) ले सहकार्य गरेको छ । कार्यक्रमका चितवन पर्सा फिल्ड संयोजक प्रेम पौडेलले वन्यजन्तुको आनीबानी बुझेर मान्छेको व्यवहार परिवर्तन गर्न सडक नाटक देखाउने गरिएको बताए । 'मानव र वन्यजन्तुबीचको दूरी टाढा राख्नुपर्छ', उनले भने 'नजिक भएकै कारण घटना धैरै हुने गरेको छ ।' उनले तालमार्फत चेतनामूलक कार्यक्रम र आयआर्जनका कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिए ।
चितवन, पर्सा निकुञ्ज र भारतको बाल्मिकी टाइगर रिजर्भमा बाघ ओहोरदोहोर गर्ने करिडोर क्षेत्र ठोरी भएकाले पनि यहाँ विशेष संरक्षणका कार्यक्रम सञ्चालन गरिरहेको उनले बताए । यो तीन निकुञ्ज जोडिएको क्षेत्र पनि हो । पौडलेले बोलेर, पढेरभन्दा पनि सडक नाटकमार्फत जनस्तरमा देखाउँदा संरक्षणमा प्रभावकारी भूमिका देखिने बताए । 'सडक नाटक सबैले चासो देखाएर हेर्ने र सुन्ने गरेका छन्, यो प्रभावकारी भएकै कारण अन्य ठाउँमा पनि यस्तै कार्यक्रम गर्ने योजना बनाएका छौँ,' उनले भने ।

# विश्व बैंकद्वारा नेपाललाई ऋण र अनुदान सहयोग




**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाल सरकार र विश्व बैंकबीच १५ अर्ब ८४ करोड रुपैयाँ (अमेरिकी डलर १२ करोड) बराबर सहुलियतपूर्ण ऋण र दुई अर्ब ६० करोड रुपैयाँ (अमेरिकी डलर एक करोड ९७ लाख) बराबर अनुदान प्राप्ति सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच अर्थसचिव अर्जुनप्रसाद पोखरेल र विश्व बैंकका लागि माल्दिभ्स, नेपाल र श्रीलङ्काका देशीय निर्देशक फारिस हदाद जर्भोसले उक्त सम्झौतामा हस्ताक्षर गरेका हुन् ।
विश्व बैंक अन्तर्गतको इन्टरनेसनल डेभलपमेन्ट एसोसिएसन (आइडिए) ले 'ग्लोबल पार्टनरशिप फर एजुकेसन' कार्यक्रममार्फत नेपालका सरकारी विद्यालयको पाठ्यक्रम विकास, पूर्वाधार निर्माण र सिकाइ गुणस्तर सुधारका लागि यस्तो ऋण र अनुदान दिएको हो । नेपालमा लागू भइरहेको विद्यालय क्षेत्र सुधार कार्यक्रम (स्कुल सेक्टर ट्रान्सफरमेसन प्रोग्राम) मार्फत यो रकम खर्च हुनेछ । प्रारम्भिक तहका कक्षामा राष्ट्रिय रुपमा एकीकृत पाठ्यक्रम निर्माणका लागि यस्तो रकम खर्च हुनेछ ।
त्यस्तै, कोभिड-१९ महामारी र विभिन्न प्राकृतिक विपद्का कारण असर परेको शिक्षण सिकाइलाई पुनरुत्थान गर्ने, सहज र सिकाइमैत्री कक्षाकोठा तथा पाठ्यक्रम निर्माण, शौचालय, सिकाइमा डिजिटल प्रविधिको प्रयोगलगायत क्षेत्रमा उक्त रकम खर्च हुने जनाइएको छ । कार्यक्रममा अर्थसचिव पोखरेल यस कार्यक्रमको सफल कार्यान्वयनबाट विद्यालय शिक्षामा विद्यार्थीको पहुँच बढ्ने र सिकाइमा गुणस्तर कायम हुने अपेक्षा गरिएको बताए ।
'मानव पुँजी विकासका लागि शिक्षामा सबैको पहुँच र गुणस्तरीय शिक्षाका लागि यस कार्यक्रमले प्रभावकारी भूमिका खेल्नेछ,' उनले भने । त्यस्तै, विश्व बैंकका लागि माल्दिभ्स, नेपाल र श्रीलङ्काका देशीय निर्देशक फारिस हदाद जर्भोसले विद्यालय क्षेत्र सुधार कार्यक्रमले हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) अवधारणा कार्यान्वयनमा बल पुग्ने बताए । 'पहुँचयोग्य र गुणस्तरीय शिक्षाका लागि गरिने लगानीले नेपालले अपनाएको ग्रिड अवधारणा कार्यान्वयनमा पनि सघाउ पुऱ्याउनेछ भन्ने अपेक्षा छ,' उनले भने ।

# नेप्सेमा ३८ दशमलव ८३ अङ्कको गिरावट

**रासस**
**काठमाडौं ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा ३८ दशमलव ८३ अङ्कको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक दुई दशमलव ०६ प्रतिशतले घटेर एक हजार आठ सय ४९ दशमलव ७९ अङ्कमा कायम भएको हो । आगामी आर्थिक वर्षको बजेट सार्वजनिक भएपछि लगातार दोश्रो दिन पनि नेप्सेमा उच्च अङ्कको गिरावट देखिएको हो ।
बुधबार दुई सय ६२ वटा कम्पनीको ८७ लाख ३६ हजार एक सय २८ कित्ता शेयर ३६ हजार आठ सय ९३ पटक खरिदबिक्री हुँदा दुई अर्ब ३१ करोड ५१ लाख ६९ हजार पाँच सय ७१ रुपैयाँ बराबरको कारोबार भएको छ । नेप्सेका सबै सूचकहरू रातो देखिएका छन् । सेन्सेटिभ सूचक सात दशमलव २८, फ्लोट सूचक दुई दशमलव ५९ र सेन्सेटिभ फ्लोट सूचक दुई दशमलव २० अङ्कले घटेको छ । सबै समूहका उपसूचक पनि घटेका छन् । सबैभन्दा धैरै जीवन बीमा समूहको उपसूचक दुई सय २८ दशमलव ८२ र निर्जीवन बीमा समूहको उपसूचक दुई सय २२ दशमलव ३४ अङ्कले घटेको छ । बैंकिङ समूह १८ दशमलव ६७, विकास बैंक समूह ७० दशमलव १७, वित्त समूह ३४, होटल तथा पर्यटन समूह एक सय २५ दशमलव ७१ र जलविद्युत् समूह ६१ दशमलव ८० अङ्कले घटेको छ । त्यसैगरी, लगानी समूह एक दशमलव ४८, उत्पादन तथा प्रशोधन एक सय ७२ दशमलव ९६, लघुवित्त ६३ दशमलव ०२, म्युचुअल फन्ड शून्य दशमलव ०६, व्यापार ३५ दशमलव ७३ र अन्य समूह २० दशमलव २० अङ्कले घटेको छ । आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने युनिलिभर नेपाल लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र शेयर सङ्ख्याका आधारमा बुधबार सबैभन्दा धैरै प्रभु बैंक लिमिटेड प्रमोटर शेयर ३४ करोड २८ लाख १६ हजार एक सय २९ रुपैयाँ बराबरको २७ लाख ८७ हजार एक सय २३ कित्ता शेयर किनबेच भएको छ ।

# सुर्तीजन्य पदार्थरहित दिवस मनाइयो




**रासस**
**काठमाडौँ।**
'खाद्यान्न चाहिन्छ, सुर्तीजन्य पदार्थ होइन' भन्ने नाराका साथ विभिन्न कार्यक्रम आयोजना गरी बुधबार सुर्तीजन्य पदार्थरहित दिवस मनाईएको छ। दिवसका अवसरमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतले भिडियो सन्देश जारी गर्दै सुर्तीजन्य सेवन त्यागी स्वस्थ जीवनयापन गर्न सबैमा अनुरोध गरे । सुर्तीजन्य पदार्थको सेवनले क्यान्सर, मुटुरोग, श्वासप्रश्वास सम्बन्धी दीर्घरोग र मधुमेहजस्ता नसर्ने रोग निम्त्याउने गरेको बताए । उनले धुमपान गर्दा आफ्नो स्वास्थ्यमात्र नभई नजिकमा रहेका अन्य व्यक्तिको स्वास्थ्यमा पनि उत्तिकै असर पुग्ने सन्देशमा उल्लेख गरिएको बताए । उनले सुर्तीजन्य पदार्थको असरलाई न्यूनीकरण गर्न नेपालमाम सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनसम्बन्धी ऐन, कानुन पारित भई लागू भइसकेको जानकारी गराए।
मन्त्री बस्नेतले नेपालले सुर्तीजन्य पदार्थको भागमा ९० प्रतिशत चेतावनीमूलक सन्देश अनिवार्य व्यवस्था गरेको उल्लेख गर्दै सार्वजनिकस्थलमा धुमपान निषेध र सुर्तीजन्य पदार्थको विज्ञापन प्रवर्द्धन पनि निषेध गरिएको बताए। उनले भने 'सुर्तीजन्य पदार्थको नयाँ सेवनकर्ताको दरमा कमी ल्याउन र अम्मलीको लत छुटाउन विभिन्न लक्षित कार्यक्रम सञ्चालन भइरहेको छ।'
मन्त्री बस्नेतले सुर्तीजन्य पदार्थको सेवनको लत छुटाउने कार्यक्रमलाई पहुँचयोग्य बनाउन, सुर्तीजन्य पदार्थमा कर बढाउन र उक्त सङ्कलित करबाट आर्थिक रूपमा विपन्न नागरिकको उपचार खर्च गर्ने कार्य प्रभावकारीरूपमा अगाडि बढाउन आवश्यक रहेको भनाइ राखे। सन्देशमा उनले सुर्तीजन्य पदार्थले मानव स्वास्थ्यसँगै खेतीयोग्य जमिन, वातावरणमा प्रभाव पार्ने भन्दै सुर्तीजन्य पदार्थको खेती उत्पादन र प्रयोगबाट निस्कने फोहरले जल, जमिन र वायुमा दूषित भएको बताए।
विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ) का अनुसार विश्वमा हरेक वर्ष सुर्तीजन्य पदार्थ सेवनको कारण विश्वभर ८० लाख मानिसको मृत्यु हुने गरेको छ । तीमध्ये ७० लाखभन्दा बढीको मृत्यु प्रत्यक्ष सुर्तीजन्य पदार्थको प्रयोगका कारण हुने गरेको छ भने धुमपान नगर्ने तर अन्य व्यक्तिले गरेको धुमपानबाट उत्पन्न धुवाँका कारण करिब १२ लाखभन्दा बढीको मृत्यु हुने गरेको छ । स्वास्थ्य मन्त्रालयका अनुसार नेपालमा हरेक वर्ष २७ हजारभन्दा बढी मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गरेको छ। अभिभावकले धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्दा बालबालिका र परिवारका अन्य सदस्यमा श्वासप्रश्वास सम्बन्धी समस्या, मुटुरोग, क्यान्सर लगायतका स्वास्थ्य जोखिम बढाउँछ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले हालै गरेको सर्वेक्षणमा नेपालमा २८ दशमलव नौ प्रतिशत मानिसले सुर्तीजन्य पदार्थ प्रयोग गर्ने पाइएको छ । तीमध्ये ४८ दशमलव तीन प्रतिशत पुरुष र ११ दशमलव छ प्रतिशत महिलाले सुर्तीजन्य पदार्थ प्रयोग गर्ने गर्दछन्।
विश्व स्वास्थ्य संगठनका अनुसार को सन् २०२२ को तथ्याङ्कानुसार विश्वमा २२ दशमलव तीन प्रतिशत मानिस सुर्तीजन्य पदार्थ प्रयोग गर्दछन् । सुर्तीजन्य पदार्थको प्रयोग महिलाभन्दा पुरुषमा बढी हुने गरेको छ । महिलाको सात दशमलव आठ प्रतिशत र पुरुषमा ३६ दशमलव सात प्रतिशत रहेको छ । मन्त्रालयले जारी गरेको सूचनामा दिगो विकास लक्ष्य प्राप्त गर्न नेपालको प्रतिबद्धता जनाएअनुरुप सुर्तीजन्य पदार्थ रोकथामको महासन्धि कार्यान्वयनलाई तीव्रता दिन आवश्यक रहेको छ।
नसर्ने रोगको रोकथाम र नियन्त्रणका लागि राष्ट्रिय बहुक्षेत्रीय कार्ययोजना ( २०२१-२०२५)ले नेपालमा सन् २०२५ सम्ममा १५ वर्षमाथिका मानिसमा व्याप्त रहेको सुर्तीजन्य पदार्थको प्रयोगमा ३० प्रतिशत सापेक्षिक कमी ल्याउन आह्वान गरेको छ। कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहर केन्द्र, वृद्धाश्रम, अनाथालयको कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न/गराउन नपाइने व्यवस्था कानुनमा रहेको छ। त्यसैगरी सुर्तीजन्य पदार्थ विक्रेताले अठार वर्ष उमेर नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तिजन्य पदार्थ नबेच्ने र बेच्न नलगाउने र चुरोट तथा बिडीको फुटकर खिल्ली बेच्न नपाउने व्यवस्था रहेको छ ।सुर्तीजन्य पदार्थको रोकथाम तथा नियन्त्रणका लागि तीनै तहमा विद्यालय स्वास्थ्य शिक्षा, सरोकारवालासँग अन्तर्क्रिया कार्यक्रम, आमसञ्चार कार्यक्रम थप व्यापक गर्दै लौजान आवश्यक रहेको छ । सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनसम्बन्धी ऐन, कानुन, नियमावली र निर्देशिका पारित भई लागू भइसकेको अवस्थामा यी प्रावधनको कडाइका साथ लागू गरी सुर्तीजन्य पदार्थबाट हुने असरलाई न्यूनीकरण गर्न अपरिहार्य रहेको मन्त्रालयले जनाएको छ।

## सुर्तिजन्य पदार्थको कर १० वर्ष यताकै न्यून



मधेशदृष्टि
काठमाडौं ।
आगामी वर्षको बजेट २०८०्८१ मा सुर्तिजन्य पर्दाथमा कर धैरै बढ्ने अनुमान गरिएको थियो । तर अनुमान विपरित यो वर्षको बजेटमा सुर्तिजन्य पर्दाथमा निकै कम मात्र कर बढेर आयो । अहिले बढाएको करको प्रतिशत हेर्दा १० वर्ष यताकै सबै भन्दा खराब अवस्था हो ।
नेपालमा सुर्तिजन्य पदार्थ नियन्त्रण गर्ने नीति ल्याए पनि सेवन गर्नेको संख्या घटेको छैन । धुमपान तथा सुर्तिजन्य पदार्थको सेवन मानव स्वास्थ्यका लागि निकै हानीकारक मानिन्छ ।त्यसैले हरेक वर्षको बजेटमा त्यस्ता वस्तुको करमा अत्याधिक वृद्धि गरिँदै आएको थियो । तर यो वर्षको २०८०-८१ बजेटमा सुर्तिजन्य पर्दाथमा बढेको करको प्रतिशत १० वर्ष यताकै कम मध्येमा देखिएको छ । यो वर्ष सुर्तिजन्य पर्दाथमा ३ प्रतिशतले मात्र वृद्धि गरिएको छ । सुर्तिजन्य पर्दाथमा करको वृद्धि दर हेर्न हो भने औसत १० प्रतिशतले वृद्धि हुने गरेको थियो ।नेपालमा सुर्तीजन्य पदार्थमा लाग्ने कर, विश्व स्वास्थ्य संगठनको मापदण्ड खुद्रा मूल्यको ७० प्रतिशतभन्दा तल छ । जुन दक्षिण एसियाली मुलुकहरूमध्ये सबैभन्दा कम कर लगाउने मुलुकमा पर्ने गर्दछ । विश्व स्वास्थ्य संगठनका अनुसार सुर्तीजन्य पदार्थमा ७५ कर प्रतिशत बनाउनुपर्छ । डब्ल्यूएचओले नेपाललाई सुर्तीजन्य पदार्थमा कर बढाउन पटक पटक सुझाव दिँदै आएको छ ।यद्यपि नेपालले डब्ल्यूएचओको मापदण्ड भन्दा धैरै तल कर लगाएको छ । यो वर्षको बजेटमा सुर्तिजन्य पर्दाथमा ठूलो मात्रामा कर बढ्ने आंकलन समेत गरिएको थियो । स्वास्थ्य मन्त्रीले पनि यस्ता पदार्थको करमा वृद्धिका लागि पहल गर्ने जनाउँदै आएका थिए । तर आगामी वर्षका लागि ल्याइएको बजेटमा सुर्तिजन्य पर्दाथमा ३ प्रतिशत कर बढाइएको छ भने भने वियर र रक्सीमा भने कर बढेको छैन ।नेपालमा नसर्ने रोगका कारण ७० प्रतिशतको मृत्यु हुने गर्छ । नसर्ने रोगबाट मृत्यु हुनुको मृत्युको मुख्य कारण सुर्तीजन्य पदार्थ रहेको अध्ययनले देखाउँछ । सुर्तिजन्य पदार्थ विक्रिवतरण तथा सेवनमा कमी ल्याउन कर बढाउन आवश्यक रहेको विज्ञहरुले औंल्याउँदै आएका छन् । तर सुर्तिजन्य पर्दाथको करमा भारी वृद्धि गर्नुको सट्टा निकै कम मात्र कर वृद्धि गरिएको छ ।
मानव स्वास्थ्यसंग सम्बन्धित सुर्तिजन्य पर्दाथ सेवन निरुत्साहित गर्न यस्ता पदार्थको करको दरमा भारी बृद्धि गर्ने स्वास्थ्य मन्त्री मोहन बस्नेतले बताउँदै आएका थिए । ती वस्तुहरुमा बजेटमा गरिएको करले मन्त्री बस्नेतकै अभिब्यक्ति कमजोर साावित भएको छ ।

# अन्नपूर्ण सेञ्चुरी पर्यटन महोत्सव सुरू



**रासस**
**गण्डकी।**
अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिको आयोजना तथा नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा तेश्रो संस्करणको अन्नपूर्ण सेञ्चुरी पर्यटन महोत्सव कास्कीको घान्द्रुकमा बुधबारदेखि सुरु भएको छ। घान्द्रुक पर्यटन व्यवस्थापन समितिको स्थानीय व्यवस्थापनमा सुरु महोत्सव जेठ २० गतेसम्म सञ्चालन हुनेछ । महोत्सवअन्तर्गत अन्तिम दिन जेठ २० गते अन्नपूर्ण प्रथम हिमाल आरोहण दिवस (जुन ३) का अवसरमा अन्नपूर्ण म्याराथन हुनेछ । सोही दिन अन्नपूर्ण आधार शिविरबाट घान्द्रुकसम्म ( ४२.१९५ किमी) को म्याराथन आयोजना हुने अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका संयोजक ललित गुरुङले जानकारी दिए।
सन् १९५० जुन ३ तारिखमा फ्रान्सेली नागरिक मौरिस हर्जोगले अन्नपूर्ण हिमालको चुचुरोमा पाइला टेकेको दिनलाई अन्नपूर्ण आरोहण दिवसका रूपमा मनाइँदै आइएको छ । महोत्सवमा गाउँस्तरीय भलिबल प्रतियोगिता, बाँस्केटबल प्रतियोगिता, पत्रकारिता पुरस्कार वितरण, हर्स राइडिङलगायत विविध सांस्कृतिक कार्यक्रम सञ्चालन हुनेछन्। म्याराथनतर्फ प्रतियोगितामा पुरुषतर्फ प्रथम हुनेले नगद एक लाख ५० हजार रुपैयाँ, द्वितीय हुनेले एक लाख रुपैयाँ र तृतीय हुनेले ७५ हजार रुपैयाँ प्राप्त गर्ने छन्। महिलातर्फ प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ७५ हजार, ५० हजार र २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।
त्यस्तै गाउँपालिकास्तरीय पुरुष भलिबलमा विजेता टोलीले नगद ८० हजार र उपविजेताले नगद ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् भने खुल्ला पुरुष बाँस्केटबल तर्फका विजेताले नगद ८० हजार र ५० हजार रुपैयाँका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । कोभिड-१९ का कारण दुई संस्करण स्थगित भएपनि यसपटक अन्नपूर्ण म्याराथनलाई निरन्तरता दिइएको हो । अन्नपूर्ण आधार शिविरको पर्यटन पूर्वाधार निर्माण गरी पर्यटन प्रवर्द्धन गर्न विगतमा निरन्तर पर्यटन महोत्सव र अन्नपूर्ण म्याराथन गरिँदै आइएको थियो।
प्रतिकूल परिस्थितिका कारण कार्यक्रम स्थगित भएपनि यसपटकबाट कार्यक्रमलाई निरन्तरता दिइएको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले जानकारी दिए। महोत्सवको उद्घाटन गर्दै गण्डकी प्रदेशसभा सदस्य प्रकाश बरालले पर्यटनमा उद्यमशीलताको विकास गरी गाउँको समृद्धिसँग जोड्न जरुरी भएको बताए।
पर्यटन क्षेत्रलाई उद्योगका रूपमा स्थापित गर्न गुणात्मकरूपमा फड्को मार्न जरुरी रहेको उल्लेख गर्दै उनले यसका लागि सरकार र निजी क्षेत्रको साझेदारितालाई अझ फराकिलो बनाएर लैजानुपर्ने आवश्यकता औंल्याए। पर्यटन क्षेत्रमा अहिलेसम्म भएका प्रगतिमा निजी क्षेत्रको विशिष्ट योगदान रहेको बताउँदै उनले लगानीमैत्री वातावरण सिर्जना गरी निजीक्षेत्रसँग हातेमालो गरेर अघि बढ्नुपर्नेमा जोड दिए।
घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अन्नपूर्ण गाउँपालिका-१० का वडाध्यक्ष गौतम गुरुङ, घान्द्रुक पर्यटन व्यवस्थापन समितिका पूर्वअध्यक्ष किसम गुरुङलगायतले महोत्सवले यस क्षेत्रको पर्यटनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे । महोत्सवलाई अन्नपूर्ण गाउँपालिका, नेपाल पर्यटन बोर्ड, छोम्रोङ पर्यटन व्यवस्थापन समिति, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजन (एक्याप)/राष्ट्रिय प्रकृति संरक्षण कोष, घान्द्रुक पर्यटन व्यवस्थापन समिति, टाँडापानी पर्यटन व्यवस्थापन समिति, खेलकुद मन्त्रालय, अन्नपूर्ण काठमाडौं समाज नेपाल, गुरु आनन्द फाउन्डेशन लगायतका सङ्घ संस्थाको सहयोग रहेको छ।

# 'मिटर ब्याजसम्बन्धी कानुनले समाजमा विकृति फैलायो'



*मुलुकी ऐन र मुलुकी देवानी संहिताले तमसुक वडा कार्यालयमा दर्ता गर्नुपर्ने, सरकारले फास्ट ट्र्याकबाट ल्याएको अनुचित लेनदेन सम्बन्धी अध्यादेशले समाज विचलित भएको छ।*

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका प्रदेशसभा सदस्य सरोजकुमार सिंहले सरकारले ल्याएको अनुचित लेनदेन ( मिटरब्याज) सम्बन्धी कानुनले समाजमा विकृति फैलाएको बताएका छन्।

बुधबार बसेको प्रदेशसभा बैठकमा बोल्दै उनले बिना छलफल फास्ट ट्र्याकको माध्यमबाट ल्याइएको मिटरब्याज सम्बन्धी कानुनले समाजलाई विभाजित गरेको बताए।

संघ सरकारले सामाजिक बन्धन र सद्भावमाथि प्रहार गरेको उनले आरोप लगाए।

मुलुकी ऐन र मुलुकी देवानी संहिताले तमसुक वडा कार्यालयमा दर्ता गर्नुपर्ने स्पष्ट रहेको भन्दै उनले सरकारले फास्ट ट्र्याकबाट ल्याएको अनुचित लेनदेन सम्बन्धी अध्यादेशले समाज विचलित भएको बताए।

सरकारले मिटरब्याज सम्बन्धी कानुन ल्याउँदा निम्न वर्गका व्यक्ति पनि अप्ठयारोमा परेको उनले बताए।

# प्रमाणीकरणले संसद्को सर्वोच्चता कायम भएको मधेशी शीर्षनेताको भनाइ







**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रपति रामचन्द्र पौडेलद्वारा नागरिकता विधेयक प्रमाणीकरण भएपछि सबैभन्दा बढी लाभान्वित हुने मधेश प्रदेशका शीर्ष नेताले संसदीय लोकतन्त्रको मान्यता र संविधानअनुसार संसद्को सर्वोच्चता कायम भएको प्रतिक्रिया दिएका छन्।

नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले विधेयक प्रमाणीकरणको स्वागत गर्दै बुबा र आमा दुवै जना नेपाली नागरिक भएर पनि सन्तानले वर्षौंदेखि नागरिकता नपाएको समस्या समाधान भएको बताए। उनले संसद्ले बनाएको कानुन प्रमाणीकरण नहुँदा अड्किरहेको अवस्थामा राष्ट्रपतिले प्रमाणीकरण गरेर ऐतिहासिक काम र संसदीय सर्वोच्चताको रक्षा गरेको बताए।

'संसद्बाट दुई/दुई पटक पारित भएको विधेयक प्रमाणीकरण गर्नैपर्ने काम थियो तर अहिलेसम्म अड्काएर राखियो । राष्ट्रपतिले मन्त्रिपरिषद्को निर्णयअनुसार संविधानसम्मत काम गर्नुभएको छ। यो खुसीको विषय हो। हामी खुसियाली बनाउँछौं', उनले भने। त्यसैगरी जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले कुनै पनि नागरिक नागरिकताविहीन हुनुहुँदैन भन्ने संविधानको भावना र प्रावधानलाई राष्ट्रपतिले रक्षा गरेको प्रतिक्रिया दिएका छन्। उनले नागरिकताविहीन जनता र आफ्नो पार्टीले वर्षौंदेखि उठाइरहेको आवाज सम्बोधन गरेकामा राष्ट्रपतिलाई विशेष धन्यवाद दिए । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) अध्यक्ष महन्थ ठाकुरले संविधानले दिएको अधिकार कानुनको अभावमा वर्षौंदेखि कुण्ठित रहेकामा राष्ट्रपतिले त्यसको सुनुवाइ गरेको बताएका छन्। 'संविधानले नागरिकता दिने भने पनि कानुनको अभावमा वर्षौंदेखि लाखौं नागरिकले नागरिकता पाउन सकेनन् । जसका कारण नागरिकताविहीनहरुले अध्ययन, रोजगार, उद्यमशीलता, सम्पत्ति आर्जनलगायत हरेक क्षेत्रमा अवरोध सामना गर्नुपर्‍यो', ठाकुरले भने, 'हाम्रो पार्टीले पनि नागरिकता समस्या समाधानका लागि विगतदेखि नै दबाब दिँदै आएको थियो। ठिलो गरी भए पनि यो प्रमाणीकरण भएको छ। यसलाई राजनीतिक विषय नबनाएर सबैले स्वागत गर्नुपर्छ ।' त्यसैगरि जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले विगत लामो समयदेखि नागरिकताविहिन रहेका योग्य नेपालीहरुलाई नागरिकता प्रदान गर्ने बाटो खुलेकोमा खुसी व्यक्त गरेका छन् । उनले नागरिकता विहिनताका कारण ज्यान गुमाउनु परेका ज्ञात अज्ञातप्रति श्रद्धाञ्जली व्यक्त गर्दै नागरिकताका लागि आन्दोलन गरेका आन्दोलनकारीहरुप्रति धन्यवाद ज्ञापन समेत गरेका छन्। डा.राउतले मधेश थरुहट आन्दोलनको क्रममा भएको टीकापुर विद्रोहमा निर्दोष रहेर पनि मुछिएका रेशमलाल चौधरीलाई आममाफि दिएकोमा विज्ञप्ती माफर्त आभार समेत व्यक्त गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ प्रमाणीकरण गरेका छन्।

# भारत भ्रमणपछि सम्बन्ध अझ सुदृढ हुन्छ : वनमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम।**
संघीय सरकारका वनमन्त्री विरेन्द्र कुमार महतोले प्रधामन्त्रीको हुन लागेको भारत भ्रमण पछि नेपाल भारतको सम्बन्ध थप सुदृढ हुने बताएका छन् ।

जनकपुरधाम विमानस्थलमा बुधबार संचारकर्मीहरुसंग कुराकानी गर्दै मन्त्री महतोले भारत भ्रमणपछि वर्तमान सरकारको पनि ति सम्बन्ध र सम्झौताले आयु थप्ने संकेत गरेका छन् ।

मन्त्री महतोले चुरे संरक्षण मुख्य चुनौती रहेको भएपनि वर्तमान बजेटमा बजेट सम्मानजनक नछुट्याइएको बताए । यद्यपि उनले चुरे बजेटले मात्र नभई हरेक जनता र नेताको व्यवहारले पनि मात्र संरक्षण हुने उनको तर्क छ। उनले बजेटमा चुरे उत्खननको कुरा गरिएको भनि भइरहेको प्रचार गलत रहेको बताउदै चुरे उत्खनन भन्दा पनि पहाडबाट नदीनालामा बाढीपहिरोको क्रममा बगेर आएका अनावश्यक मेटेरियलहरु देशमा प्रयाप्त खपत नहुने अवस्था रहेको खण्डमा भारतलाई निर्यात गरि आमदानी गर्न सकिने कुरा मात्र रहेको उनले स्पष्ट पारे ।

अवैध उत्खनन रोक्न सरकार अग्रसर रहेको बताउदै उनले यसमा स्थानिय सरकार मुख्य जिम्मेवार हुनुपर्ने र मनमौजी छोडनु पर्ने नभए संघिय सरकार आफनो तरिकाले संरक्षणका कदम चाल्ने बताए ।

# नगरस्तरीय महिला सञ्जाल गठन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
महिला अधिकार दिवसको अवसरमा धनुषाको मिथिला नगरपालिकामा नगरस्तरीय महिला सञ्जाल गठन गरिएको छ।

धनुषाको ढल्केवरमा महिलाको एक भेलाले कल्पना कडारीको अध्यक्षतामा २२ सदस्य नगरस्तरीय महिला सञ्जाल गठन गरिएको हो ।

मिथिला नगरपालिकाको आयोजना तथा नगर उपप्रमुख सुनिता सिंह बुढाथोकी उपस्थितिमा भएको भेलाले नगरपालिकाको प्रत्येक वडाबाट दुई जना महिलाको सहभागिता रहने गरी सञ्जाल गठन गरिएको बताइएको छ ।

# योजना बनाएर मार्ने प्रयास गरे :उपमेयर



**मधेशदृष्टि**
**जनकपुरधाम।**
गौशाला नगरपालिकाकी उपमेयर रेणु कुमारी महतोले आफ्नो ज्यान असुरक्षित भएको बताएकी छन् । उनले नगरपालिकाको काममा अनैतिक तथा कानून विपरित काममा सहमति नजनाउँदा आफुलाई ज्यान मार्ने धम्की देखि अंगभंग गरिदिने सम्मको धम्की प्रत्यक्ष रुपमा दिएको बताएकी हुन्।

गौशाला नगरपालिका २ निगौल स्थित नीजि जग्गामा सार्वजनिक सम्पति बनाउन लाग्दा परेको उजूरी छलफलको क्रममा निलम्बित प्रतिनिधिसभा सदस्य लक्ष्मी महतोको भाञ्जा सुरेन्द्र महतोले ज्यान मार्ने धम्की दिएकी बताएकी हुन् । उनले भनिन, 'मलाई नियोजित रुपमा मेरै कार्यकक्षमा ज्यान मार्ने प्रयास भएको छ।

अफिसको समय सकिदा भिडभाड नभएको मौका छोपेर पूर्व योजना अनुसार वडाध्यक्ष र श्याम सुन्दर मण्डल र सुरेन्द्र महतोले ज्यान मार्ने प्रयास गर्‍यो।'

नेपाल पत्रकार महासंघ धनुषा शाखाको कार्यकक्षमा पत्रकार सम्मेलनको आयोजना गरी उपमेयर महतोले भनिन, 'संविधानले उपमेयरलाई दिएको अधिकारको वेवास्ता गरी मेयर डा. दिपेन्द्र महतोले आफुखुशी गर्न खोज्ने र आफु अनुकुल मिलोमतोमा मनोमानी ढंगबाट बजेट सिध्याउने दाउमा धमाधम नियम विपरित काम गर्न दबाब दिने गरेको छ।

उपमेयरको सम्पूर्ण अधिकारलाई बाइपास गरेर मेयरले अनैतिक कार्यमा आफुपनि संलग्न हुने र मलाई पनि संलग्न गराएर बदनाम गर्ने प्रपञ्च फेल भएपछि संघातिक आक्रमणमा उत्रिएको हो।'

गौशाला नगरपालिकाको वडा नं. २ निगौलमा नीजि व्यक्तिको हकभोगको जग्गामा नगरपालिकाबाट विनियोजित ३० लाख बजेट कार्यान्वयन गर्ने क्रममा जिल्ला प्रशासन कार्यालय महोत्तरीको न्याय निरुपणका लागि लेखि पठाएकोमा न्यायियिक समितिमा छलफल गराउँदा ज्यान नै जोखिममा परेको बताईन् । उनले भनिन, 'वडा अध्यक्षले मलाई धम्काउँदै तेरो के अधिकार छ ? निगौला किन गईस् छानविन गर्न, अब देखि गईस् भने हातखुट्टा भाँचिदिन्छु भन्दै हातपातमा उत्रदै नगरपालिका प्राङ्गणमा टोले गुण्डाहरु बोलाएर अपराधिक परिस्थितिको सृजना गरेको छ।'

'म आफै न्यायियिक समितिको संयोजक हुँ, अरुलाई न्याय निरुपण गरेर सहयोग गर्दै आएकी छु, तर अब म आफै न्याय खोज्न कहाँ जाउँ ? मलाई मेरो ज्यान असुरक्षित महशुष हुदैछ, मलाई मेरो ज्यानमाथि केही भयो भने त्यसको जिम्मेवार मेयर र म मलाई धम्की तथा कुटपिट गर्न खोज्ने वडा अध्यक्ष श्यामसुन्दर मण्डल र निलम्बित प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो तथा मेयर डा. दिपेन्द्र महतोको भाई सुरेन्द्र महतोले जिम्मेवारी हुनेछ।',

उपमेयर महतोले भनिन, 'म आफुलाई असुरक्षित महशुष गर्दैछु, मेरो घरबाट कतै निस्किए भने मेरो पछाडि बाईकल लगाएर पिछा गर्छन् म कता जान्छु, के गर्छु, सबैको निगरानी हुन्छ, त्यसको लागि मेयरले मान्छे नै खटाएको छ, यस्तो अवस्थामा म आफुलाई असुरक्षित महशुष गरिरहेको छु। त्यही भएर मलाई मेरो सुरक्षाको प्रत्याभुत गराउन सबैपक्षसंग आग्रह गर्दछु।'

स्थानीय तहको विकास निर्माणमा उपमेयरहरुलाई 'बाईपास' गरिएको सुनाउँदै उनले भनिन्, 'हामीले आफू अन्यायमा परेर भए पनि अरुलाई न्याय दिइरहेका छौं।

# 'नागरिकता विधेयक प्रमाणीकरण छिट्टै कार्यान्वयन होस्'

*डेढ दशकयता देशका करिब १४ लाख युवा नागरिकता नहुँदा सम्पूर्ण अधिकारबाट वञ्चित हुनुपरेको थियो। पच्चीस जिल्लाका १० हजारभन्दा बढी नागरिकताविहीन अधिकारका लागि आन्दोलन गरिरहेका थियौँ'। 'आमा र बुबा नेपालको नागरिक हुँदा पनि करिब १४ लाख सन्तान नागरिकताविहीन छन्। नागरिकताबिना केही गर्न नसकिने रहेछ, पढ्न, जागिर खान, विदेश जान र अरू सरकारी सुविधा लिनबाट वञ्चित हुनुपर्ने मात्रै होइन ती लाखौँ युवाको ऊर्जा त्यतिकै खेर गइरहेको अवस्था छ।*



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नागरिकताविहीन सङ्घर्ष समिति, नेपालले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ राष्ट्रपतिबाट प्रमाणीकरण भएकामा खुसी व्यक्त गर्दै छिट्टै कार्यान्वयन हुनेमा विश्वास व्यक्त गरेको छ।

सङ्घर्ष समितिका अध्यक्ष इ इन्द्रजित सफिले विगत १६/१७ वर्षदेखि लाखौं नागरिकताविहीनको अथक सङ्घर्षको प्रतिफलस्वरुप बुधबार राष्ट्रपतिबाट विधेयक प्रमाणीकरण भएको भन्दै सरकार, राष्ट्रपति र सहयोग गर्ने सबैलाई धन्यवादसमेत दिए।

'डेढ दशकयता देशका करिब १४ लाख युवा नागरिकता नहुँदा सम्पूर्ण अधिकारबाट वञ्चित हुनुपरेको थियो । त्यसको भुक्तभोगी म आफैँ पनि हो । पच्चीस जिल्लाका १० हजारभन्दा बढी नागरिकताविहीन अधिकारका लागि आन्दोलन गरिरहेका थियौँ', सफिले भने । उनले हजारौ साथीहरुको ऐक्यबद्धता, सङ्घर्ष र दबाब तथा लाखौँ शुभचिन्तकको सद्भावका कारण उद्देश्य पूरा भएको बताए। 'यो क्षणमा खुसी व्यक्त गर्ने कुनै शब्द छैन। म सरकार र राष्ट्रपतिलाई धन्यवाद र अरुप्रति आभार व्यक्त गर्दछु', उनले भने।

धनुषाको गणेशमान चारनाथ नगरपालिका-३ भरतपुरका २९ वर्षीय इन्द्रजित आफ्नो बुबासँग जन्मसिद्ध र आमासँग वंशजको नागरिकता भए पनि नागरिकताविहीन छन् । 'आमा र बुबा नेपालको नागरिक हुँदा पनि करिब १४ लाख सन्तान नागरिकताविहीन छन् । नागरिकताबिना केही गर्न नसकिने रहेछ, पढ्न, जागिर खान, विदेश जान र अरू सरकारी सुविधा लिनबाट वञ्चित हुनुपर्ने मात्रै होइन ती लाखौँ युवाको ऊर्जा त्यतिकै खेर गइरहेको अवस्था छ। अब त्यो अवस्था अन्त्य हुने हामीले अपेक्षा गरेका छौँ', सफिले भने।

नागरिकताविहीन युवा अनुराज झाले राष्ट्रपतिबाट विधेयक प्रमाणीकरण भएपछि वर्षौंदेखिको सपना साकार हुन लागेको भन्दै खुसी व्यक्त गरे। 'हामी चार पुस्तादेखि नेपालमै छौँ । मेरो बुबाले जन्मसिद्ध नागरिकता र आमाले वंशजको नागरिकता लिएका छन् । आमाको नामबाट नागरिकता बन्दैन, बुबा जन्मसिद्ध नागरिक भएकाले सरकारले नागरिकता दिन मिल्दैन भन्छ', झाले भने, 'वर्षौंदेखि थन्किएर रहेको नागरिकता विधेयक प्रमाणीकरण भएपछि अब भने चाँडै नागरिकता पाउने आशा जागेको छ। प्रशासनले तत्काल प्रक्रिया अगाडि बढाउनेमा हामी आशावादी छौँ।'

विसं २०४६ अघि जन्मेका अधिकांश नेपाली नागरिकलाई २०६३ सालमा जन्मका आधारमा नागरिकता दिइए पनि तिनका सन्तानले भने नेपालको संविधानअनुसार ऐन नबन्दा अझै नागरिकता पाउन सकेका छैनन्।

विसं २०७२ मा जारी भएको नेपालको संविधानको धारा ११ (३) ले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका सन्तानले बालिग भएपछि वंशजको नागरिकता पाउने भनी स्पष्ट व्यवस्था गरे पनि राजनीतिक सहमति नहुँदा वर्षौंदेखि ऐन बन्न सकेको थिएन । त्यसविरुद्ध नागरिकताविहीनले सुरुदेखि नै आवाज उठाइरहे पनि विसं २०७८ मा नागरिकताविहीन सङ्घर्ष समिति नेपाल गठन गरेर सङ्गठित आन्दोलन भइरहेको छ।

'नागरिकता छैन । सक्षम भएर पनि केही गर्न पाउँदैनौं । संविधानअनुसार नागरिकता ऐन अद्यावधिक नगरी लाखौँ नागरिकको जिन्दगीसँग खेलबाड भएको छ । त्यसैका विरुद्ध हामीले राजनीतिक दलका प्रमुख नेतादेखि सरकारका मन्त्री, प्रधानमन्त्री, बहालवाला र पूर्वराष्ट्रपतिलाई पनि ध्यानाकर्षण गराइरहेका थियो', सङ्घर्ष समितिका अध्यक्ष साफीले भने, 'वर्षौंदेखि राज्यविहीन हुनुको हाम्रो पीडा आज सरकार र राष्ट्रपतिले सुनेका छन्। अब अक्षरशः कार्यान्वयनको पखाईमा छौ।'

राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार मात्रै नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ प्रमाणीकरण गरेका थिए । सो विधेयक यसअघि विसं २०७९ साउन १५ गरे सङ्घीय संसद्का दुवै सदनबाट पारित भई तत्कालीन सभामुख अग्निप्रसाद सापकोटाले सोही मितिमा प्रमाणित गरी तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष प्रमाणीकरणका लागि पेश गरेका थिए।

तत्कालीन राष्ट्रपति भण्डारीले भने केही विषयमा ध्यानाकर्षणसहित पुनर्विचारका लागि सङ्घीय संसद्मा फिर्ता पठाइएकोमा सङ्घीय संसद्का दुवै सदनमा छलफल गरी प्रमाणीकरणका लागि पुनः २०७९ भदौ २० गते राष्ट्रपतिसमक्ष पठाइए पनि हालसम्म प्रमाणीकरण भएको थिएन । सोही विधेयक प्रमाणीकरणका लागि भनी नेपाल सरकार, मन्त्रिपरिषद् बैठकले विसं २०८० जेठ १२ गते वर्तमान राष्ट्रपति पौडेललाई औपचारिकरुपमा आग्रह गरेको थियो।

# जासुसी उपग्रह प्रक्षेपण असफल विभिन्न राष्ट्रद्वारा निन्दा

## अमेरिका लक्षित प्रक्षेपण

मङ्गलवार उत्तर कोरियाको सत्तारुढ दलको केन्द्रीय सैनिक आयोगका उपाध्यक्ष री प्योङ चोलले प्रक्षेपणको योजना घोषणा गर्दै त्यो अमेरिका र दक्षिण कोरियाको 'लापरबाहीपूर्ण सैनिक गतिविधि' को परिणाम भएको बताएका थिए। उनले ती देशहरूले 'खुलेआम रूपमा अतिक्रमणको महत्वाकाँक्षा देखाइरहेको' आरोप लगाए।
बुधवारको प्रक्षेपणअघि अमेरिकी विदेश मन्त्रालयले कोरियाबाट हुने कुनै पनि बलिस्टिक क्षेप्यास्त्र प्रविधिको प्रक्षेपणले राष्ट्र सङ्घको सुरक्षा परिषद्का कैयौँ प्रस्तावहरू उल्लङ्घन गर्ने बताए। दक्षिण कोरियाको विदेश मन्त्रालयले पनि यसै हप्ताको सुरुमा त्यस्तो प्रक्षेपणको निन्दा गरेको थियो । 'यदि उत्तर कोरियाले प्रक्षेपणलाई अघि बढाउने नै निर्णय गर्‍यो भने उसले त्यसको मूल्य चुकाउनुपर्नेछ र पीडा खेप्नुपर्नेछ ।'उत्तर कोरियाली नेता किम जङ अनले सैनिक भूउपग्रहको विकासलाई देशको प्रतिरक्षामा महत्त्वपूर्ण योगदान दिनसक्ने पूर्वाधार ठानेका छन् । सोलस्थित एकजना प्राध्यापक लिइफ एरिक लेफको भनाइमा उत्तर कोरियाको सरकारले आफू अन्तरिक्ष अभियानमा अघि बढ्सक्ने ठानेको छ । अहिलेको उसको भूउपग्रह अभियान सफल नभएपनि त्यसले उसको अन्तरिक्ष सामर्थ्यबारे राजनीतिक प्रचारबाजी सिर्जना गर्ने उनको भनाइ छ।



**सिन्ह्वा / एएफपी**
**सोल ।**
प्रजातान्त्रिक जन गणतन्त्र कोरिया (डिपीआरके) को जासुसी उपग्रह प्रक्षेपण असफल भएको छ। पश्चिमी जलक्षेत्रमा खसेर दुर्घटनाग्रस्त भएको सरकारी समाचार समितिले कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) ले जनाएको छ।
उत्तर कोरियाको नेशनल एरोस्पेस डेभलपमेन्ट एडमिनिस्ट्रेशन (एनएडीए) ले बुधबारको दुर्घटनाबाट पाठसिक्दै चाँडोभन्दा चाँडो अर्को उपग्रह प्रक्षेपण गर्ने बताएको छ। रकेट इञ्जिन प्रणाली र इन्धनका कारण दुर्घटना भएको प्रारम्भिक विवरणमा उल्लेख गरेको छ।
एरोस्पेस एजेन्सीले स्याटेलाइट प्रक्षेपणमा देखा परेका गम्भीर त्रुटिहरूको विस्तृत अध्ययन गर्ने, तिनलाई हटाउन तत्काल वैज्ञानिक र प्राविधिक उपायहरू गर्ने र विभिन्न भागको परीक्षण गरी जतिसक्दो चाँडो दोस्रो प्रक्षेपण गर्ने बताएको छ।
यसैबीच, फ्रान्सेली समाचार समिति एएफपीका अनुसार उत्तरकोरियाले अमेरिकी सैन्य गतिविधिलाई सूक्ष्म ढङ्गले निगरानी गर्न यही जेठ २८ भित्रमा आफ्नो जासुसी उपग्रह प्रक्षेपण गर्ने योजना सार्वजनिक गरेको थियो ।
प्योङ्याङको असफल प्रक्षेपणले दक्षिण कोरियाको राजधानी सोलमा हल्लीखल्ली मच्चियोभने जापानमा दक्षिणमा ओकिनावाका बासिन्दालाई सतर्क रहन सुरक्षा चेतावनी जारी गरिएको थियो ।
सोलमा अराजकता र अन्योल छायो जब मानिसहरू हवाई आक्रमणको साइरनको आवाजबाट ब्यूँझिए र उनीहरूलाई भाग्न तयारीमा जुटे । आपतकालीन सन्देश प्रवाह भएको २० मिनेट पछि मात्र त्यो त्रुटिवश प्रवाह भएको वास्तविकता बाहिर आयो ।

## जापान, दक्षिणकोरिया र अमेरिकाद्वारा निन्दा

प्रजातान्त्रिक जन गणतन्त्र कोरिया (डिपीआरके) ले गरेको जासुसी उपग्रह प्रक्षेपणको जापान, दक्षिण कोरिया र अमेरिकाले निन्दा गरेको छ । यद्यपि प्योङ्याङको परीक्षण दुर्घटनाका कारण असफल भएको छ।
जापानले उत्तर कोरियाको उपग्रह प्रक्षेपणको असफल प्रयासबाट संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का प्रस्तावहरूको गम्भीर उल्लङ्घन भएको उल्लेख गर्दै त्यसको निन्दा गरेको छ । 'उत्तर कोरियाको यो कदमको जापान विरोध र निन्दा गर्दछ,' जापान सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले भनेका छन् । उत्तरकोरियाली अधिकारीहरूका अनुसार प्योङ्याङले टोकियोलाई प्रक्षेपणका सम्बन्धमा जानकारी दिएको थियो। जापानका रक्षामन्त्री यासुकाजु हामादाले पत्रकारहरूमाझ भनेका छन्, 'हामी यस प्रकारको प्रक्षेपणलाई सहन सक्दैनौं, चाहे त्यो उपग्रह होस् वा अन्य कुनै चिज, यसले राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावलाई उल्लङ्घन गरेको छ।' संयुक्त राज्य अमेरिकाले प्रक्षेपणको निन्दा गर्दै प्योङ्याङलाई तत्काल उत्तेजक कार्य बन्द गर्न आह्वान गरेको छ। राष्ट्रिय सुरक्षा प्रवक्ता एडम होजले प्योङ्याङ र वासिङ्टनबीचको कूटनीति संवाद बन्द नभएको उल्लेख गर्दै उनले आफू र आफ्ना सहयोगीलाई बचाउन अमेरिकाले सबै आवश्यक उपाय अवलम्बन गर्ने बताएका छन्। संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरसले पनि कदमको निन्दा गर्दै प्योङ्याङको पछिल्लो प्रक्षेपणको निन्दा गरेका छन् । उत्तर कोरियाली नेता किम जोङ उनले सैन्य भूउपग्रहको विकासलाई आफ्नो देशको प्रतिरक्षाको प्रमुख अङ्गको भएको स्पष्ट पारेका छन्। यसअघि उनका एक जना वरिष्ठ सैन्य अधिकारीले अमेरिका र दक्षिण कोरियाका विवेकहीन सैन्य गतिविधि निगरानी गर्न बाध्य भएर जासुसी उपग्रह प्रक्षेपण गर्नुपरेको बताएका थिए।

अफवाहले सुरक्षा सतर्कता प्रणालीप्रतिको विश्वासमा गुमेको ३३ वर्षीया एक गृहिणीले बताएकी छन् ।
'उत्तरकोरियाले दक्षिणकोरियामा सुरक्षा जोखिम बढाएको छ, यदि भविष्यमा सतर्कता चेतावनी जारी हुँदा त्यसलाई गम्भीरतापूर्वक लिइन्छ वा लिइदैन भन्ने प्रश्न खडा भएको छ,' उनले भनिन् ।

# गोली हानी रेडियो पत्रकारको हत्या



**एएफपी**
**मनिला ।**
फिलिपिन्समा एक जना रेडियो पत्रकारको गोली हानेर हत्या भएको छ। पचास वर्षीय क्रेसेन्सियानो बुन्डुक्विनको हत्या भएको हो । मध्यफिलिपिन्सको ओरिएन्टल मिन्डोरो प्रान्तको कालापान शहरमा मोटरसाइकल सवार बन्दुकधारीले ५० बुन्डुक्विनलाई उनको घरबाहिर गोली हानेर हत्या गरेका प्रहरी कर्नेल सामुएल डेलोरिनोले बताएका छन् ।
बुधबार एक रेडियो प्रसारकलाई उनको घरबाहिर गोली हानेर हत्या गरिएको प्रहरीले आक्रमणको प्रतिकार गर्दै पत्रकार बन्डुक्विनका छोराले बन्दुकधारीहरूलाई आफ्नो गाडीले ठक्कर दिएपछि आक्रमणकारीमध्ये एक जनाको मृत्यु भएको छ। बाँकी आक्रमणकारी भने भाग्न सफल भएका छन्। उनीहरूको खोजी जारी रहेको कर्नेल डेलोरिनोले बताएका छन् ।
गत जुनमा राष्ट्रपति फर्डिनान्ड मार्कोसले कार्यभार सम्हालेपछि मारिने बुन्डुक्विन तेश्रो पत्रकार हुन् । केही महिनाअघि रेडियो प्रसारक पर्सिभल माबासालाई मनिलास्थित उनको स्टुडियोतर्फ गइरहेका बेला गोली हानी मारिएको थियो ।

# इजरायलमा धार्मिक सम्मेलनको घोषणा

**एएनआई**
**तेलअविव ।**
काजाकिस्तान गणतन्त्रले आगामी साता पवित्र भूमि तेल अविवमा धार्मिक सम्मेलन गर्ने घोषणा गरेको छ। मध्य एसियाली देशका साथै विश्वका विभिन्न मुलुकका परम्परागत धर्मका नेताले सम्मेलनमा भाग लिनेछन् ।
काजाकिस्तानमा विगत दुई दशकदेखि प्रत्येक तीन वर्षमा आयोजना हुँदै आएको अन्तरधार्मिक मञ्चको सम्मेलन यसपटक इजरायलमा आयोजना गर्ने निर्णय भएको हो। सम्मेलनमा इजरायलका प्रमुख रब्बीहरू, इजरायलका मुसलमान, ड्रुज र बहाई समुदायका प्रतिनिधि, प्रमुख राजनीतिक र शैक्षिक अधिकारीसहित धेरै धार्मिक नेताले भाग लिने अपेक्षा गरिएको छ।
इजरायल र साइप्रसका लागि काजाकिस्तानका राजदूत सतिबाल्डी बुर्साकोभका अनुसार काजाकस्तानको सिनेटका अध्यक्ष मौलेन असिमबाएभले सम्मेलनको प्रमुख वक्ताका रूपमा भागलिने तथा त्यसले विश्व शान्ति तथा वर्तमान चुनौतीको सामना गर्न एकताबद्ध हुन आह्वान गर्नेछ। विश्वभरका धार्मिक नेताहरूको सामूहिक प्रयासबाट विभिन्न राष्ट्र र समुदायबीचको मनोमालिन्य अन्त्य गर्न तथा आपसी विश्वास, सहकार्य र साझेदारीलाई अगाडि बढाउन मद्दत पुग्ने विश्वास गरिएको छ।
सन् १९९२ मा सोभियत सङ्घको पतनपछि स्वतन्त्र भएको मध्य एसियाली देश काजाकिस्तानले इजरायलसँग कूटनीतिक सम्बन्ध स्थापना गरेको हो। सन् २०१६ मा प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले काजाकिस्तानको भ्रमण गर्नुभएको थियो। पूर्वसोभियत गणतन्त्रमा इजरायली प्रधानमन्त्रीको त्यो पहिलो भ्रमण थियो ।

# एसिया कप आयोजना गर्न प्रस्ताव

**मधेशदृष्टि**
**काठमाडौं।**
एसिया कप-२०२३ क्रिकेट आयोजना गर्नका लागि श्रीलंकाले प्रस्ताव गरेको छ । एसिया कप आगामी सेप्टेम्बरमा पाकिस्तानमा हुने तय भएपनि भारतले पाकिस्तान गएर खेल्न अस्वीकार गर्दा अनिश्चित भएको छ । पाकिस्तानले पनि आयोजना स्थल सार्न नमानिरहेका बेला श्रीलंकाले एसिया कप आयोजनाका लागि प्रस्ताव गरेको हो।
सोमबार श्रीलंका क्रिकेट बोर्डले एसीसीले स्वीकृति दिए एसिया कप आयोजना गर्न आफूहरु तयार रहेको बताएको छ। 'श्रीलंका क्रिकेट छोटो नोटिसको आधारमा एसिया कप आयोजना गर्ने तयारीमा छ । अब यसको निर्णय एसीसीले गर्नेछ,' सोमबार श्रीलंका क्रिकेटका अफिसियललाई उदृत गर्दै क्रिकबजले लेखेको छ।
इन्डियन प्रिमियर लिग (आईपीएल) २०२३ को फाइनलको अवसरमा भएको छलफलमा बीसीसीआई, श्रीलंका, बंगलादेश र अफगानिस्तान क्रिकेट बोर्डले एसिया कप एउटै स्थलमा आयोजना हुनुपर्नेमा सहमति जनाएका थिए। तर, आयोजना स्थल भने तोकिएको छैन।
पाकिस्तान क्रिकेट बोर्डले पाकिस्तान र यूएई दुई स्थानमा प्रतियोगिता आयोजनजा गर्ने हाइब्रिड मोडल प्रस्ताव गरेको थियो । तर, भारतीय क्रिकेट बोर्डले यसलाई अस्वीकार गर्दै आएको छ। क्रिकबजका अनुसार बीसीसीआई श्रोत




ले अब कि एसिया कप कोलम्बोमा हुने कि नहुने अवस्था रहेको छ। श्रीलंका क्रिकेट बोर्डले पनि बीसीसीआईलाई साथ दिएको छ र बीसीसीआईको अनुसार नै अगाडि बढ्ने जनाएको भारतीय मिडियाले उल्लेख गरेको छ।
एसीसीको आधिकारिक बैठक अर्को साता हुने सम्भावना छ । जसले एसिया कपको बारेमा अन्तिम निर्णय गर्ने अपेक्षा छ । आईपीएलको फाइनल अवसरमा भएको अनौपचारिक छलफलमा नेपालबाट नेपाल क्रिकेट संघ (क्यान) अध्यक्ष चतर बहादुर चन्द सहभागी थिए । 'अनौपचारिक छलफल भएको हो । तर अन्य केही निर्णय भएको छैन ।' क्यानका कार्यवाहक सचिव दुर्गाराज पाठकले भने।
नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालको बुधबारदेखि सुरु हुने भारत भ्रमणमा पनि क्यान अध्यक्ष चन्द समावेश हुने पाठकले जानकारी दिए र त्यस अवसरमा दुई देशबीचको क्रिकेटको विषयमा पनि कुरा हुने अपेक्षा रहेको पाठकले बताए।
एसिया कपमा भारत र पाकिस्तानसँगै नेपाल पनि एकै समूहमा छ । वैशाखमा भएको एसीसी प्रिमियर कपको विजेता बन्दै नेपाल एसिया कपमा छनोट भएको हो।
दुई ठूला टेष्ट राष्ट्रसँग नेपालले खेल्ने अवसर पाएकोले पनि अहिले एसिया कप कहाँ हुन्छ भन्ने चासो नेपाली क्रिकेटप्रेमीलाई धेरै छ। अर्को समूहमा श्रीलंका, बंगलादेश र अफगानिस्तान छन्।

# करोडौं वर्ष पुराना हड्डी भेटिए

**सिन्ह्वा**
**सिड्नी ।**
अष्ट्रेलियामा दश करोड सत्तरी लाख वर्ष पुरानो जीवाश्म हड्डी भेटिएको छ। सन् १९८० को दशकमा भिक्टोरिया राज्यमा भेटिएका दुई वटा जीवाश्म हड्डीको परीक्षण गरेका वैज्ञानिकहरूले आफ्नो अनुसन्धानको निष्कर्ष सुनाउँदै जानकारी दिएका हुन् ।
असीको दशकमा भेटिएका ती जीवाश्म हड्डी आकाशमा उड्ने विशाल सरीसृपको भएको र तिनको उत्पत्ति दश करोड सत्तरी लाख वर्षअघि भएको बताएका छन् ।
हिस्टोरिकल बायोलोजी जर्नलमा मङ्गलबार प्रकाशित एक अध्ययन अनुसार कर्टिन युनिभर्सिटी अस्ट्रेलियन एज अफ डाइनोसर म्युजियम अफ नेचुरल हिस्ट्री,



मोनाश युनिभर्सिटी र म्युजियम्स भिक्टोरिया रिसर्च इन्स्टिच्युटका अन्वेषकहरूले भिक्टोरियमा भेटिएका जीवाश्म टेरोसरको भएको पुष्टि गरेका छन् ।
'यी हड्डीहरूको विश्लेषण गरेर, हामी लगभग दश करोड सत्तरी लाख वर्ष पपहिले भिक्टोरियाको जङ्गलमा बसोबास गर्ने टेरोसरको अस्तित्वको पुष्टि गर्न सक्षम भएका छौं,' पेन्टल्याण्डले जर्नलमा उल्लेख गरेका छन् ।

# चीनलाई उछिन्दै भारत विश्वशक्ति बन्न सक्ला ?

**बिबिसि**
भारत छिमेकी देश चीनजत्तिकै अथवा उसलाई पनि जितेर अझ शक्तिशाली बन्न सक्ला ? अर्थतन्त्र, भूराजनीतिक प्रभाव र सैन्य सामर्थ्यको दृष्टिकोणले बेइजिङ अझै अगाडि छ। तर विज्ञहरूका अनुसार अवस्थामा परिवर्तन आइरहेको छ। सन् २००१ मा अर्थतन्त्रतर्फ नोबेल शान्ति पुरस्कारबाट सम्मानित माइकल स्पेन्सका अनुसार भारतको 'समय आइसकेको' छ। 'भारतले चीनलाई जित्ने छ,' स्ट्यान्ड्फर्ड यूनिभर्सिटीका डीन तथा प्राध्यापक स्पेन्सले भने। 'चीनको आर्थिक वृद्धिदर मन्द हुने छ, भारतको हुने छैन।' तर अगाडि चुनौतीहरू छन्। चीन विश्वको दोश्रो ठूलो अर्थतन्त्र भएको देश हो। त्यो भनेको भारतको अर्थतन्त्रभन्दा पाँच गुनाले बढी हो। भारत पाँचौं ठूलो अर्थतन्त्र हो। 'चिनियाँ शैलीमा' वृद्धि हासिल गर्नका निम्ति तुलनात्मक रूपमा सानो मध्यमवर्ग भएको भारतले शिक्षा, जीवनस्तर, लैङ्गिक समानता र आर्थिक सुधारका क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ। अनि विश्वशक्ति बन्नु भनेको जनसङ्ख्या र अर्थतन्त्रभन्दा अझ पर जानुपर्ने कुरा हो। विश्वशक्ति बन्ने कुरा भूराजनीतिक र सैन्य शक्तिमा निर्भर गर्छ जुन मामिलामा चीनभन्दा भारत निकै पछाडि छ। 'सफ्ट पावर' अर्थात् 'सौम्य शक्ति' ले पनि महत्वपूर्ण भूमिका खेल्छ। बलीवुड चलचित्र उद्योगले प्रभावकारी ढङ्गले भारतलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवर्द्धन गरिरहेको छ र नेटफ्लिक्समा नयाँनयाँ कीर्तिमान बनाइरहेको छ। तर 'चाइनावुड' को प्रभाव पनि देखिन्छ। तीव्र रूपमा बढिरहेको चिनियाँ चलचित्र उद्योगले सन् २०२० मा विश्वभरिको 'बक्स अफिस' मा पहिलो पटक हलीवुडलाई पछाड्यो र सन् २०२१ मा पनि त्यो क्रमलाई निरन्तरता दियो।

### भारतको आर्थिक गति

भारतमा प्रत्येक दिन सरदर ८६,००० शिशुको जन्म हुन्छ भने चीनमा ४९,४०० जनाको। कम प्रजननदरका कारण चीनको जनसङ्ख्या संकुचित हुँदै गएको छ र यो शताब्दीको अन्त्यसम्मको उसको जनसङ्ख्या एक अर्बबाट झर्ने अनुमान छ। संयुक्त राष्ट्रसङ्घका अनुसार भारतको जनसङ्ख्या वृद्धि सन् २०६४ सम्म जारी रहने छ र अहिलेको एक अर्ब ४० करोडबाट बढेर सन् २०६४ सम्म एक अर्ब ७० करोड पुग्ने छ। त्यसबाट भारतलाई 'डेमग्र्याफिक डिभिडेन्ड' अर्थात् 'जनसाङ्ख्यिक लाभांश' प्राप्त हुनेछ। काम गर्ने जनसङ्ख्या बढ्दा हुने आर्थिक वृद्धिको सन्दर्भमा यो शब्दावली प्रयोग हुन्छ।



'सन् १९९० को दशकमा भारतले सुधारका लागि ल्याएका नीतिहरूले अहिले प्रतिफल दिइरहेका छन्। तर काम गर्ने उसको जनशक्ति कति शिक्षित, स्वस्थ, दक्ष र अर्थतन्त्रमा योगदान पुर्‍याउने हुन्छ त्यसले अर्थ राख्ने छ,' न्यूयोर्कस्थित इन्डिया चाइना इन्स्टिट्यूटका निर्देशक मार्क फ्रेजर भन्छन्। एपल र फक्सकनजस्ता बहुराष्ट्रिय कम्पनीलाई आकर्षित गर्नुका बावजुद भारतको प्रशासनयन्त्र र नीतिमा पटकपटक परिवर्तन हुँदा त्यसले निम्त्याउने अस्थिरताका कारण कतिपय अन्तर्राष्ट्रिय लगानीकर्ताहरू हच्किएका छन्। 'तपाईंको जनसङ्ख्या जति धेरै छ तपाईं त्यति नै शक्तिशाली हुनुहुन्छ भन्ने उक्ति १९ औं शताब्दीकै हो,' विश्वशक्ति बन्नलाई अरू तत्व पनि आवश्यक रहेको बताउँदै फ्रेजर भन्छन्। विश्व ब्याङ्कका अनुसार भारतको काम गर्न सक्षम उमेर समूह (१४-६४) को आधा जनसङ्ख्याले मात्र काम गरिरहेको छ अथवा कामको खोजी गरिरहेको छ। भारतमा महिलाको हकमा त्यो सङ्ख्या २५ प्रतिशत मात्र छ जबकि चीनमा ६० प्रतिशत र युरोपेली सङ्घमा ५२ प्रतिशत रहेको छ।
सन् १९८० र ९० को दशकमा एकपछि अर्को सुधारको नीति लिएको चीनको अर्थतन्त्र अरू सबै देशभन्दा बढेको छ। तर कोभिड महामारी, पाका उमेरका मानिसको जनसङ्ख्या र पश्चिमा देशहरूसँग बढ्दो तनाव लगायतको सम्मिश्रणका कारण उसको आर्थिक वृद्धि प्रभावित भएको छ।
अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रक्षेपणहरूका अनुसार भारतको कुल गार्हस्थ्य उत्पादन तीव्र गतिमा अगाडि बढिरहेको छ र त्यो क्रममा जारी रहने देखिन्छ। तर मन्द आर्थिक वृद्धिको अर्थ के चीनले सान्दर्भिकता गुमाएको भन्ने हो त ?
'यदि सन् २०३० सम्म चीनले ४% अथवा ५% को वृद्धि हासिल गर्न भने त्यो नै प्रभावशाली उपलब्धि हुनेछ।
।मानिसहरूले ८-९% सम्म वृद्धिदर भएको देशमा नराम्रो अवरोह आएको भन्ने छन्, तर त्यो सही बुझाइ हुँदैन,' प्राध्यापक स्पेन्स व्याख्या गर्छन्। 'चीन अहिले धेरै हदसम्म संयुक्त राज्य अमेरिकाजस्तै छ।
अहिलेसम्म हाम्रो ८, ९, १०% को आर्थिक वृद्धि भएको छैन। उनीहरू उत्पादकत्व वृद्धिमा निर्भर हुनेछन् र मेरो विचारमा शिक्षा, विज्ञान एवंमा प्रविधि क्षेत्रमा गरिरहेको व्यापक लगानीका कारण त्यहाँ पुग्ने छन्।'

### चीनको सैन्य सामर्थ्य विस्तार

चीन र भारत दुवै परमाणुशक्ति सम्पन्न राष्ट्र हुन् जुन शक्तिले तिनीहरूलाई विश्वमञ्चमा महत्वपूर्ण रणनीतिक स्थान दिलाएको छ। द फेडेरेशन अफ अमेरिकन साइन्टिस्ट्स को अनुमान अनुसार बेइजिङसँग दिल्लीको भन्दा अढाई गुना बढी परमाणुअस्त्र बोक्न सक्ने क्षेप्यास्त्र छ। चीनको सशस्त्र फौजमा करिब छ लाख पुरुष छन् र चीनले रक्षा उद्योगमा ठूलो लगानी गर्ने गरेको छ।
'चीन व्यापक रूपमा रुसमाथि र आयातित प्रविधि एवं विज्ञतामाथि निर्भर छ। तर चीन आफैँले थुप्रै अनुसन्धान गरिरहेको र मौलिक सैन्य पूर्वाधारको विकास गरिरहेको कुरामा प्रश्न गर्ने ठाउँ छैन,' प्राध्यापक फ्रेजरले भने। प्रतिरक्षा क्षेत्रमा चीनलाई स्पष्ट फाइदा छ भने भारतसँग विश्वका अधिकांश सैन्य शक्ति रहेको युरोप र संयुक्त राज्य अमेरिकासँगको सम्बन्धको फाइदा छ।
'भारत इन्डो-प्यासिफिकको एउटा महत्वपूर्ण रणनीतिक साझेदार हुन सक्छ जहाँ अमेरिकी सरकारले पूर्वी एशिया मात्रै नभई दक्षिण एशिया, प्यासिफिक वेस्टर्न प्यासिफिक ओशन र इन्डिअन ओशनलाई समेटेर चीन वरिपरि एक प्रकारको सुरक्षा क्षेत्र बनाउँदै छ,' प्राध्यापक फ्रेजरले थपे।

### भूराजनीतिक विकल्पहरू

भारत यो वर्षको जी २० शिखर सम्मेलनको आयोजक हो र उसले त्यसलाई बैठकमा सहभागी हुन आउने विश्वका ८५ प्रतिशत धनीहरूमाझ आफूलाई प्रवर्द्धन गर्ने अवसरका रूपमा लिएको छ। अमेरिकामा डोनल्ड ट्रम्पको शासनकालयता विश्वका अत्यधिक शक्तिशाली देशहरूसँग बेइजिङको सम्बन्धमा फाटो बढ्दै गएको छ। चीन अझै पनि विश्वका १२० भन्दा बढी देशको प्रमुख आर्थिक साझेदार हो जसमा रुस, दक्षिण अफ्रिका, साउदी अरब र युरोपेली सङ्घ पर्छन्। खर्बौं डलर बराबरको उसको पूर्वाधार परियोजना बेल्ट एन्ड रोड इनिशटिभले पनि चीनलाई विदेशमा राजनीतिक प्रभाव कायम राख्न सघाएको छ। भारतलाई पश्चिमा विश्वले प्रमुख भूराजनीतिक साझेदारका रूपमा हेरेको भएपनि बेइजिङ राष्ट्रसङ्घको सुरक्षा परिषद्को सदस्य हो। अर्थात् उससँग 'भिटो' प्रयोग गर्न पाउने शक्ति छ। त्यसको सहयोगले राष्ट्रसङ्घले गर्ने प्रत्येक विश्वव्यापी निर्णयमा उसको महत्वपूर्ण भूमिका हुन्छ। भारत र अन्य उदयीमान अर्थतन्त्रहरूको दशकौंयता यो परिस्थिति बदल्ने प्रयास गरिरहेको भएपनि सफल भएका छैनन्। प्राध्यापक फ्रेजर भन्छन्, 'सुरक्षा परिषद्का स्थायी सदस्यहरूको एउटा नयाँ 'संलत्नता' बारे ठोकुवा गर्न सक्दिनँ। यद्यपि सन् १९४५ मा भएको द्वन्द्वका विजेताहरूले नै अहिले पनि विश्वको सुरक्षा व्यवस्था हाँक्नुको अर्थ छैन भन्ने हामीलाई थाहा छ।' प्राध्यापक माइकल स्पेन्स त्यसमा सहमत छन्। 'मतदानको शक्तिले अहिले आर्थिक आकार र प्रभावसँग बराबरी गर्दैन। तसर्थ कुनै बिन्दुमा विश्वले यी संस्थाहरूमा सुधार गर्ने छ अन्यथा तिनले आफ्नो सान्दर्भिकता गुमाउने छन्। किनभने विकल्पहरू तयार बन्ने छन्।' अहिले मूल विकल्प ब्रिक्स हो र उक्त समूहमा भारत, रुस, चीन र दक्षिण अफ्रिका छन्। त्यसले 'ग्लोबल नोर्थ' को आर्थिक र भूराजनीतिक प्रभावलाई चुनौती दिने लक्ष्य राखेको छ।



# ११ लाखको लत्ताकपडा र खाद्यसामग्री बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रहरीले वीरगंजको भिस्वामा छापामारी भन्सार छली चोरी पैठारी गरी ल्याएको ११ लाख रुपैयाँ भन्दा बढीको लत्ताकपडा तथा खाद्यसामग्री बरामद गरेको छ ।
विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले मंगलबार राति वीरगंज महानगरपालिका-१५, भिस्वाका लालबाबु साहको घरमा छापामारी काजु, लत्ताकपडा, खुल्ला पापड, ल्वाङ, सर्टको थान कपडालगायतका मालबस्तु भन्सार छली चोरीपैठारी गरी अनधिकृतरूपमा भण्डारण गरेको अवस्थामा फेला परेको हो ।
घटनास्थलबाट प्रहरीले चारसय किलो काजु, सर्टको २ हजार २ सय ५७ मिटर थानको कपडा, खुला पापड १ सय ४७ किलो ग्राम, ल्वाङ ७२ किलोग्राम, हुक्काको फ्लेवर ४६ प्याकेट गरी जम्मा ११ लाख ६६ हजार ७ सय ९० रुपैयाँ बराबरको मालबस्तु बरामद गरी आज वीरगंज भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी दीपक गिरीले बताए ।

# अवैध सञ्चालनमा रहेका दुई अस्पताल बन्द




**मधेशदृष्टि**
**बारा ।**
पाँच वर्षदेखि अवैधरुपमा सञ्चालित बाराको सिमरा, जितपुर बजारका दुई अवैध अस्पताल जीतपुरसिमरा उपमहानगरले बन्द गराएको छ ।
सिमराचोकमै सञ्चालित निम्स अस्पताल र जितपुरस्थित राव नर्सिङ होमलाई जीतपुरसिमरा उपमहानगरको टोलीले अस्पताल सञ्चालन अनुमति तथा मापदण्ड निर्देशिका-२०७९ अनुसार सञ्चालन नभएको भन्दै बन्द गराएको हो ।
उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरी, स्वास्थ्य महाशाखा प्रमुख रवि भास्करसहितको टोलीले अनुगमनको क्रममा निर्देशिबमोजिम मापदण्ड नदेखेपछि तत्काल दुवै अस्पताल बन्द गराएको हो ।
उपमहानगरका अधिकृत पुरीले मानव स्वास्थ्य जस्तो संवेदनशील विषयमा दुवै अस्पतालले सामान्य मापदण्डसमेत पालना नगरेकाले दुवै अस्पताल बन्द गराएको बताए ।
सिमरा चोकको दुई सटरभित्र सञ्चालित निम्स अस्पताल विगत ५ वर्षदेखि नवीकरण गरेको छैन भने राव नर्सिङ होमले सामान्य अनुमतिसमेत नलिएको उपमहानगर कार्यालयले जनाएको छ ।

# प्रशिक्षार्थी पत्रकारहरुलाई स्थलगत रिपोर्टिङ भ्रमण

**मधेशदृष्टि**
**वीरगंज ।**
रेडियो वीरगंज, टिभी वीरगंज तथा मधेशदृष्टि दैनिकको संयुक्त आयोजनामा वीरगंजमा सञ्चालित एकहप्ते आधारभूत पत्रकारिता तालिम तथा प्रशिक्षण कार्यक्रम अन्तर्गत बुधबार स्थलगत रिपोर्टिङ र अन्तर्क्रिया कार्यक्रम भएको छ ।
स्थलगत रिपोर्टिङ अन्तर्गत प्रशिक्षार्थी पत्रकारलाई शैक्षिक क्षेत्रको रिपोर्टिङका लागि मधेश विश्वविद्यालय, वीरगंज पब्लिक कलेजमा लगिएको थियो ।
त्यसैगरी, मनोरञ्जन र आर्थिक क्षेत्रको रिपोर्टिङका लागि थ्रिल फ्याक्ट्रीमा पुर्‍याइएको थियो । शैक्षिक क्षेत्रको रिपोर्टिङका लागि पुगेका प्रशिक्षार्थी पत्रकारलाई मधेश विश्वविद्यालयका उपकुलपति डा.दीपक शाक्यले शिक्षा क्षेत्रमा देखिएका विकृति विसंगति उठाउन सञ्चारकर्मीलाई आग्रह गर्दै जेहेन्दार तथा निम्न वर्गका विद्यार्थीलाई छुट्याइएको छात्रवृत्तिमा राजनीतिक दल तथा स्थानीय तहका जनप्रतिनिधिले हस्तक्षेप गर्दा सही विद्यार्थीले पाउन नसकेको दुखेसो व्यक्त गरे ।
त्यसैगरी, आर्थिक तथा मनोरञ्जन क्षेत्रको स्थलगत रिपोर्टिङका लागि पुगेका प्रशिक्षार्थी पत्रकारलाई थ्रिल फ्याक्ट्रीका सञ्चालक पियुष चाचान र व्यवस्थापक बाकेलाल प्रसादले थ्रिल फ्याक्ट्रीले यस क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा खेलेको भूमिका सम्बन्धमा जानकारी गराएको थियो । स्थलगत रिपोर्टिङमा वरिष्ठ पत्रकार एवम् साहित्यकार नवराज लम्साल, शिक्षाविद् एवम् अर्थशास्त्री डा.दीपक शाक्य, रेडियो वीरगंज, टिभी वीरगंज तथा मधेशदृष्टि दैनिकका कार्यकारी अध्यक्ष ध्रुव साह, रेडियो वीरगंजका समाचार प्रमुख ध्रुव अधिकारी, मधेशदृष्टिका सम्पादक रामकुमार एलन, उज्वल घिमिरेलगायत प्रशिक्षार्थी पत्रकारको सहभागिता थियो ।

# धुम्रपान तथा सुर्तीजन्य पदार्थविरुद्ध सचेतनामूलक गोष्ठी

**मधेशदृष्टि**
**वीरगंज ।**
अन्तर्राष्ट्रिय धुम्रपानरहित दिवसको अवसर पारेर विश्वदर्शन भवन छपकैयाको सभागारमा धुम्रपान एवम् सुर्तीजन्य पदार्थसम्बन्धी सचेतनामूलक सचित्र प्रशिक्षण एवम् विचार गोष्ठी भएको छ ।
राजयोगिनी ब्रह्माकुमारी रविना दिदीको अध्यक्षता एवम् मधेश प्रदेशका सभा सदस्य तथा पूर्व मुख्यमन्त्री लालबाबु राउत गद्दीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा राउतले उचित मार्गदर्शनको अभावमा देखासिकी र सचेतना अभाव तथा गलत संगतका कारण ठूलो युवा जमात धुम्रपान, लागुपदार्थ र कुलतको सिकार भएर जीवन नष्ट गरिरहेको बताए । उनले सचेतनामूलक कार्यक्रम र आध्यात्मिकताका माध्यमबाट समाजलाई कुलत दुर्व्यसन र विकृति विसंगतिबाट मुक्त गर्न चलाइरहेको अभियान अत्यन्तै सराहनीय रहेको बताए ।
भारतीय महावाणिज्यदूत नितेश कुमारले विद्यार्थी एवम् युवाकाल एकदमै संवेदनशील र महत्वपूर्ण काल रहेको र यो समयमा निर्माण भएको व्यवहार, आदत र संस्कारको प्रभाव आजीवन रहने हुँदा कसैको लहलहैमा नलागी अत्यन्तै संयमित भएर भविष्य निर्माणमा अग्रसर हुन अपिल गरे । कार्यक्रममा ब्रह्माकुमार डा.सागरको दुर्व्यसनसम्बन्धी उत्प्रेरणामूलक प्रस्तुती दिएका थिए भने ब्रह्माकुमारी सबिता र तृप्तिले



आध्यात्मिक र सचेतनामूलक चित्र प्रदर्शनी गराएका थिए । सशस्त्र प्रहरी गण पिलुवाका प्रहरी उपरीक्षक राजु श्रेष्ठ, राजयोग प्रशिक्षक ब्रह्माकुमार गुणराज, ज्ञानदा एकेडेमीका प्रमुख राजेन्द्र कोइराला लगायतले मन्तव्य राखेका थिए ।
ज्ञानदा एकेडेमीमा अध्ययनरत कक्षा ८, ९, १० र ११ का १ सय ५० विद्यार्थीको सहभागितामा सुसम्पन्न कार्यक्रममा वरिष्ठ समाज सेवी मधु राणा, सामुदायिक सेवा केन्द्र छपकैयाका अध्यक्ष ग्यासुद्दिन ठकुराइ, युवा प्रभाग वीरगंजका संयोजक ब्रह्माकुमार गोवर्धन चौधरीलगायतको सहभागिता थियो । ब्रह्माकुमारी बेली दिदीले स्वागत गरेको कार्यक्रम सहजीकरण युवा प्रभाग वीरगंजका सहसंयोजक ब्रह्माकुमार गोकुल गुभाजूले गरेका थिए ।

# तौल ढाँटेर मल बेच्ने पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सागढी नगरपालिका वडा नम्बर ८ हरपुरबाट कम तौल गरी मल बिक्री गर्ने एक सहकारीका सञ्चालकलाई स्थानीयले नियन्त्रणमा लिई प्रहरीलाई बुझाएका छन् ।
डिजिटल तराजुलाई बिगारेर यथार्थ तौल भन्दा कम तौल मल दिएको प्रमाण भेटिएपछि किसानले होहल्ला गर्दै डिएपी मल बिक्री गरिरहेका बनहरबाबा कृषि सहकारी संस्था पर्सागढी नगरपालिका-५ का सञ्चालक विनोद चौधरीलाई नियन्त्रणमा लिई प्रहरीमा बुझाएका हुन् ।
स्थानीयले सहकारीले बिक्री गरेको ३० किलो मल अन्य तराजुमा तौल गर्दा २६ केजी मात्र भेटिएपछि किसानले होहल्ला गर्दै चौधरीलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय एकटाँगामा बुझाएका थिए ।
घटनास्थलमा पुगेको इलाका प्रहरी कार्यालय एकटाँगाको प्रहरी टोलीले किसानलाई ठगी गर्ने चौधरीलाई नियन्त्रणमा लिएर उनले प्रयोग गर्दै आएको इलेक्ट्रोनिक तराजुमा १० केजी तौल गर्दा १३ केजी र २० केजी तौल गर्दा २५ केजी देखाएपछि चौधरीले सर्वसाधारणलाई ठगी गरेको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी दीपक गिरीले बताए ।
स्थानीय किसानले उनले प्रयोग गर्दै आएको तराजु पनि नियन्त्रणमा लिएर गुणस्तर तथा नापतौल कार्यालय वीरगंजलाई बुझाएका छन् ।
गुणस्तर तथा नापतौल कार्यालय वीरगंजले पक्राउ परेका चौधरीविरुद्ध मुद्दा चलाउने तयारी गरेको छ ।

# दुई दशकपछि महानगरद्वारा नाला सफाइ



**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रशासन कार्यालय पर्सानजिकै रहेको मुख्य नाला दुई दशकपछि वीरगंज महानगरपालिकाले सफाइ गरेको छ।
वर्षायाममा सामान्य पानी पर्दासमेत नाला जाम हुँदा वर्षाको पानीको निकास रोकिएपछि जिल्ला प्रशासन कार्यालय जलमग्न हुँदै आएको थियो। प्रशासन कार्यालयअगाडिको नाला वीरगंज महानगरपालिकाको स्काभेटर र सरसफाइ कर्मचारीले दुई दशकपछि सफा गरेसँग अब नाला जाम र डुवानको समस्या त्यस क्षेत्रमा नहुने महानगरपालिकाका सरसफाइ अधिकृत सर्फुदिन मियाँले बताए।
नाला सफा गर्न प्रशासन कार्यालय बाहिरको पर्खालसमेत भत्काउनु परेको मियाँले बताए । वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहको निर्देशनमा महानगरमा हुने डुबानको जोखिमलाई कम गर्न ठाउँठाउँमा वर्षौंदेखि सफा नगरिएका नाला सरसफाइ गर्ने क्रम सञ्चालन भइरहेको मियाँले बताए । महानगरका हरेक नालालाई सफा गरेर व्यवस्थित गर्ने तथा सफा र स्वच्छ वीरगंज बनाउने अभियानमा हातेमालो गर्दै नालामा फोहोर नफालेर ढल मात्रै बग्न दिन नगर प्रमुख सिंहले नगरवासीलाई आग्रह गरे।

# सीपमूलक तालिम तथा गोष्ठी सुरु



मधेशदृष्टि
वीरगंज ।
वीरगंजमा महानगरस्तरीय सरसफाइसम्बन्धी सीपमूलक तालिम तथा गोष्ठी सुरु भएको छ।
महानगरपालिकाको सहयोगमा नेशनल इम्प्लोयमेन्ट डेभलपमेन्ट सेन्टरले आठदिने तालिम आयोजना गरेको हो ।
सरसफाइसम्बन्धी सचेतना फैलाउनुका साथै फोहोरको उचित व्यवस्थापन गरी फोहोरबाट मोहर बनाउने किसिमका सीप सिकाउने अभिप्रायका साथ तालिमको आयोजना गरिएको महानगर प्रमुख राजेशमान सिंहले बताए ।
वीरगंज महानगरलाई सफा र सुन्दर सहर बनाउने अभियानलाई सफल बनाउन फोहोरको सही व्यवस्थापन गर्न सबै सचेत हुनुपर्ने कुरामा नगर प्रमुख सिंहले जोड दिए ।
सरसफाइको क्षेत्रमा परिवर्तन भए पनि पर्याप्त नभएको बताउँदै नगर प्रमुख सिंहले महानगरले प्राथमिकताका साथ काम गरिरहेको पनि यसबाट आफू सन्तुष्ट नभएको गुनासो गरे ।
वीरगंज महानगरपालिका वडा नम्बर ११ का वडाअध्यक्ष अजयकुमार बरैले सफा र सुन्दर बनाउने अभियानमा साथ दिन सबैलाई आग्रह गरे । सबै वडाअध्यक्ष सक्रिय भएर आआफ्नो वडालाई सफा बनाएमा महानगर आफैं सफा बन्ने बरैले विश्वास व्यक्त गरे ।

# ठगेको भनेर बैंकलाई सोध्दा दुर्व्यवहार

**हरिशंकर शर्मा**
**वीरगंज ।**
वीरगंजमा एक निजी बैंकले ठगी गरेको भनेर सोध्दा सेवाग्राहीलाई दुर्व्यवहार गरेको छ ।
नेपाल इन्भेष्टमेन्ट मेघा बैंक वीरगंजले सेवाको नाममा कर्जाधनीलाई ठग्ने गरेको पाइएको देखिएको छ ।
यस बैंकले कर्जाधनीलाई जानकारी विना प्रिमियमर व्याजदर बढाएको सेवाग्राहीले आरोप लगाएको छ ।
कलैया उपमहानगरपालिका वडा नम्बर २३ का धर्मराज महतोले तत्कालीन गण्डकी विकास बैंकबाट ४ वर्ष पहिला २.६५ प्रतिशत प्रिमियम दरमा १० लाख रुपैयाँ कर्जा लिएका थिए । प्रत्येक महिना किस्ता बुझाउँदै आएकोमा कर्जाधनीलाई जानकारी विना नै कर्जाको प्रिमियम दर बढाएकोमा बैंकसँग सोधपुछ गर्न जाँदा कर्मचारीले दुर्व्यवहार गरेको आरोप लगाएका छन् ।
बैंकका ब्रान्च मैनेजर बेललाल अहमद र डेपुटी प्रोभिन्स म्यानेजर यसपाल कुमार टिवडेवालले सेवाग्राहीलाई दुर्व्यवहार गर्नुका साथै गाली गलौज गरि बैंकबाट जबरजस्ती निकालेको ऋणिको छोरा अरुण कुशवाहाले आरोप लगाएका छन् । विगत दुईहप्ता पहिला कर्जाको प्रिमियम दर बुझ्न जाँदा ४.५० प्रतिशत पाएपछि कर्जा लिँदा बखत २.६५ प्रतिशत मात्रै रहेकामा जानकारी विना नै प्रिमियम दर किन बढाइएको




बुझ्दा ब्रान्च मैनेजर अहमद र डेपुटी प्रोभिन्स मैनेजर टिवडेवालले ऋणीका छोरालाई दुर्व्यवहार गर्नुका साथै गालीगलौज गरेका थिए ।
बैंकबाट कर्जा लिँदा दुई किमिमको व्याजदर हुन्छ, प्रिमियम दर र बेस रेट (आधारदर) । समय परिस्थिति अनुसार ब्याजदर घटबढ हुँदा बेसरेटलाई घटबढ गर्न सकिन्छ तर प्रिमियम दर यथावत नै रहन्छ तर यस बैंकले बेस रेट ( आधारदर) को साथसाथै प्रिमियमको व्याजदर पनि बढाएको कुशवाहाको आरोप छ । बैंकले जानकारी विना नै प्रिमियको ब्याजदर बढाएको पाएपछि ऋणिले अहिले तीन महिनादेखि किस्ता रकम पनि बुझाएका छैनन् ।
जानकारी विना नै प्रिमिमयको व्याजदर कहिलेदेखि बढाइएको हो ? त्यस वापत बैंकले ऋणिसँग हालसम्म कति पैसा असुलेका छन् ? त्यसबारे जानकारी लिन खोज्दा बैंक मैनेजर लिखित निवेदन दिनुपर्ने भनेपछि लिखित निवेदन दिदाँ पनि जानकारी दिन बैंकले आलटाल गर्दै आएको ऋणिको छोरा कुशवाहाको आरोप छ। कर्जाबारे जानकारी नदिएपछि कुशवाहा बैंक मैनेजरसँग बुझ्दा मैनेजरले डेपुटी प्रोभेन्स मैनेजरलाई बोलाई दुबैजना मिली दुर्व्यवहार गर्नुका साथै गाली गलौज गरेको कुशवाहाको आरोप छ ।
यसबारे नेपाल इन्भेष्टमेन्ट मेघा बैंकका मैनेजर बेललाल अहमदले कुनै किसिमको दुर्व्यवहार नगरेको बताए । उनले भने 'मलाई त्यस्तो केही लाग्दैन कि हामीले दुर्व्यवहार गरेका छौं, बाँकी कुरा उहाँलाई बैंकमा आएर बुझ्न भन्नुहोला' । ऋणिका छोरा अरुण कुशवाहालाई आफू लगायत कर्मचारीहरुले दुर्व्यवहार नगरेको बताए । साधारण कुराकानी भएको होला, मलाई त लाग्दैन कि त्यो दुर्व्यवहार हो भने ।
तर ऋणिका छोरा कुशवाहाले भने दुर्व्यवहार मात्रै नभई गालीगलौज गर्दै कर्मचारी लगाई बैंकबाट निकाल्न लगाएको आरोप लगाए ।
ब्याजदरबार जानकारी लिनको लागि बैंकमा लिखित निवेदन समेत दिदाँ अहिलेसम्म बैंकले कुनै किसिमको जानकारी नदिएको उनको भनाई छ। बैंकले लामो समयदेखि लिँदै आएको बढि ब्याजदर घटाउनुपर्ने ऋणिको छोराको भनाई छ भने बैंकले पहिला बाँकी रहेको किस्ता बुझाए मात्रै ब्याजदर घटाउने भनेपछि दुबै पक्षबीच विवाद भएको थियो ।
गण्डकी विकास बैंक केही वर्ष अघि मात्रै मेघा बैंकसँग गाभिएको थियो भने हाल मेघा बैंक पनि नेपाल इन्भेष्टमेन्ट बैंकसँग गाभिएको छ ।
गण्डकी विकास बैंकका तत्कालीन बैंक मैनेजर मुकेश अधिकारी हुँदा ऋण लिएकोमा हाल नयाँ नयाँ बैंक मैनेजर आएर मनोमानी रुपमा ऋणीलाई जानकारी विना नै ब्याजदर बढाउने कार्य गर्दै आएका छन् ।

# बौवा हनुमानको नयाँ मन्दिर निर्माणको शिलान्यास



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको रामानन्दचौक स्थित प्रसिद्ध श्री हनुमत दरबार बौवा हनुमान मन्दिरको नयाँ मन्दिर निर्माण कार्यको शिलान्यास गरिएको छ । बुधवार एक समारोहका बिच मधेश प्रदेश सरकारकी उद्योग पर्यटन मन्त्री सुनिता यादवले बन्न लागेको नयाँ मन्दिरको शिलान्यास गरेकी छन् ।
मन्दिरका महन्थ नवल किशोर शरण र मन्त्री यादवले सामुहिक रुपमा बन्न लागेको आकर्षक नयाँ मन्दिरको शिलान्यास गरेका छन् ।
मन्त्री यादवले यस मन्दिर र धेरै अघि यहाँ रहेको चर्चित बौवा हनुमानरुपी बाँदरको चर्चा आफुले धेरै सुनेको भन्दै आज आफु यहाँ आएर मन्दिर समुदघाटन गर्न पाउँदा खुसी लागेको बताइन ।
सो अवसरमा मन्दिर प्राङ्गणमा हनुमान आराधनाको पनि आयोजना गरिएको थियो । सो मन्दिर निर्माण गर्नका लागि पुरानो मन्दिर भत्काइएपछि त्यसको विरोध समेत भएको थियो । यस विषयमा महन्थ नवल किशोर शरणले मन्दिर भत्काइपछि समयका हिसावले उब्जिएको आशंका र चर्चाको खण्डन गर्दै आफु यहाँ झन विशाल र आकर्षक मन्दिर बनाउन लागेको र मधेश प्रदेशका मन्त्रीले शिलान्यास गरेकाले कुनै पनि शंका नगर्न आग्रह गरेका छन् ।
बौवा हनुमानको मन्दिर जनकपुरधामको सुन्दर सदन अग्निकुण्ड मन्दिरको अधिनस्त रहेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन